# लेखापरीक्षण प्रतिवेदन

# लालझाडी गाउँपालिका, कंचनपुर

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## लालझाडी गाउँपालिका, कंचनपुर

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**

**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-१-२६

च.न :DRAFT/FAR/2081-82/LOC/359


श्रीमान् अध्यक्ष ज्यू,

लालझाँडी गाँउपालिका,

गाउँकार्यपालिकाको कार्यालय, कञ्चनपुर ।

विषय-**लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

त्यस पालिकाको आर्थिक वर्ष २०८१\८२ को लेखापरीक्षण सम्पन्न गरी मिति २०८२।११।२७ मा प्रारम्भिक प्रतिवेदन जारी भइसकेको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औँल्याइएका बेहोराउपर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ अनुसार प्राप्त प्रतिक्रिया उपरको कारबाही टुङ्गो लगाई सो पश्चात् कायम रहेका बेहोरा समावेश गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदनको मस्यौदा यसैसाथ संलग्न छ । त्यस कार्यालयबाट प्राप्त प्रतिक्रिया उपर सम्परीक्षणको कारबाही भई लगत कट्टा भइसकेका कुनै बेहारा यस लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको वा कुनै अंकगणीतीय त्रुटि देखिएमा सो सम्बन्धी बेहोरा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) भित्रको Auditee File ट्याबमा ३ (तीन) दिनभित्र अपलोड गरी जानकारी गराउनुहुन अनुरोध छ। सो पश्चात् यो लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरिने बेहोरा जानकारी गराइन्छ ।



( थवराज अधिकारी )

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२६
च.न :DRAFT/FAR/2081-82/LOC/359

श्रीमान् अध्यक्षज्यू,

लालझाडी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, कञ्चनपुर।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१.महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब ३ करोड १८ लाख ४३ हजारको लेखापरीक्षणबाट रु. २ करोड ३३ लाख ४४ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. १३ लाख ७० हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ९ लाख २५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४० लाख ५७ हजार, नियमित गर्नुपर्ने रु. ५ लाख ६७ हजार र पेश्की बाँकी रु. १ करोड ६४ लाख २५ हजार गरी जम्मा रु. २ करोड १९ लाख ७४ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १८ करोड २८ लाख ४ हजार मध्ये रु. ४९ लाख ३७ हजार सम्परीक्षण भई यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. १९ करोड ९८ लाख ४१ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।


## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको

लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।



( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८९ | ५० | २,३३,४४,८६४ | ० | ९ | १३,७०,८६२ | ० | ८९ | ४१ | २,१९,७४,००२ | ९,२५,३९९ | ५,६६,३३६ | ४०,५७,०८८ | ० | ० | ४६,२३,४२४ | १,६४,२५,१७९ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कञ्चनपुर | १८,२८,०४,३२६ | ० | ४९,३७,३३० | १७,७८,६६,९९६ | ० | २,१९,७४,००२ | १९,९८,४०,९९८ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ६० | विद्युत पोल खरिद | ९,१४,३०५ |
| २ | २०८१/८२ | ४६ | बिजक बेगर भुक्तानी | १,५०,००० |
| ३ | २०८१/८२ | ४५ | बढी भुक्तानी | ११,३०० |
| ४ | २०८१/८२ | ४४ | खर्चको पुस्ट्याइँ | २,८५,२५७ |
| ५ | २०८१/८२ | ४३ | करार कर्मचारी सुत्केरी स्याहार भत्ता | १०,००० |
| ६ | २०८०/८१ | ४० | मेस जाली | ४७,५९,६४४ |
| ७ | २०८०/८१ | ५० | बढी भुक्तानी | ८,५०० |
| ८ | २०८०/८१ | २५.२ | ताल ठेक्का | १३,१९६ |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८०/८१ | ४.२ | कार्य सम्पादन | १,३०,६८० |
| १० | २०८०/८१ | ३७.२ | आय र खर्च | १९,१०० |
| ११ | २०८०/८१ | ३.३ | आन्तरिक ब्यवस्थापन | ६,२१० |
| जम्मा | | | | ६३,०८,१९२ |

# लालझाडी गाउँपालिका, कंचनपुर

# ( ८०७७६५०२३०० )

# लालझाडी गाउँपालिका , कञ्चनपुर

# परिचय

१ **परिचय**

**(क) पालिकाको परिचय** - स्थानीय शासन पद्धतिसुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवाप्रदान गर्नु पालिकाको उद्धेश्य रहेको छ। यस पालिकामा ६ वडा रहेका छन् भने क्षेत्रफल १५४.६५ वर्ग किलोमिटर तथा राष्ट्रिय जनगणना, २०७८ अनुसार २५०३७ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्धेश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्धेश्य हो। यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्धेश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।२७ देखि २०८२।१०।२९ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको आय -- व्ययतर्फ गरी जम्मा रु. १ अर्ब ३ करोड १८ लाख ४३ हजार ९२८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

**(ज) वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथाखर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्रलेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको आय र व्ययको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

आर्थिक कारोबारको एकीकृत विवरण

**आर्थिक वर्ष २०८१/८२**

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ४४८२९८३५.६३ | १ | चालु खर्च | | २१३३२६४७९.२९ |
| | क) संचित कोष | २७५४९८४१.८३ | | | क) पालिका चालु | १००६००१२९.९३ | |
| | ख) धरौटी | १४७०६०१५.०० | | | ख) संघीय चालु | ११२४९०३४९.३६ | |
| | ग) स्थानीय तह विविध खर्च खाता | ३८५४७४.९८ | | | ग) प्रदेश चालु | २३६०००.०० | |
| | घ) स्थानीय तह विविध कोष खाता | १६२६८७२.५० | | २ | पूँजीगत खर्च | | १९५९०२००६.०० |
| | ङ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ५६१६३१.३२ | | | क) पालिका पूँजीगत | १३८५०१९२५.०० | |
| २ | राजस्व (आन्तरिक आय) | | १०८१७७२९२.०९ | | ख) संघीय सर्शत अनुदान | ३९२१९८६९.०० | |
| | क) आन्तरिक राजस्व | ६३३३१३८.४५ | | | ग) संघीय विशेष अनुदान | ९९३३६१७.०० | |
| | ख) राजस्व बाँडफाँड संघीय सरकार | २२५६७०५.७४ | | | घ) प्रदेश सर्शत अनुदान | २४७९५५२.०० | |
| | ग) राजस्व बाँडफाँड प्रदेश सरकार | ८३२४३७५२.१२ | | | ङ) प्रदेश विशेष अनुदान | ३९९०८२०.०० | |
| | घ) राजस्व बाँडफाँड स्थानिय | १६३४३६९५.७८ | | | च) प्रदेश समपूरक अनुदान | १७७६२२३.०० | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | २८५२९५५७०.०० | ३ | कोष तर्फ | | १५९६९९८६.७० |
| | क) वित्तिय समानीकरण अनुदान | ८५५२०३२०.०० | | | क) धरौटी खर्च | ९४९३३२७.०० | |
| | ख) सशर्त अनुदान | १७४७७५२५०.०० | | | ख) स्थानीय तह विविधखर्च खाता | ४३४३४३८.७० | |
| | ग) समपूरक अनुदान | १५००००००.०० | | | ग) स्थानीय तह विविधकोष खाता | ५९०७००.०० | |
| | घ) विशेष अनुदान | १००००००००.०० | | | घ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १५४२५२१.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | १९६४२०३२.०० | ४ | मौज्दात | | २४९८६६०२.०७ |
| | क) वित्तिय समानीकरण अनुदान | ८०४६०००.०० | | | क) संचित कोष | ८३०४८३५.९९ | |
| | ख) सशर्त अनुदान | ४४९१७७५.०० | | | ख) धरौटी | १३५२५१३७.४५ | |
| | ख) समपुरक अनुदान | ३११३४३७.०० | | | ग) स्थानीय तह विविधखर्च खाता | १३१८१८७.८१ | |
| | ग) विशेष अनुदान | ३९९०८२०.०० | | | घ) स्थानीय तह विविधकोष खाता | १६२६८७२.५० | |
| ५ | कोष तर्फ | | १५३७१७५८.९८ | | ङ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २११५६८.३२ | |
| | क) धरौटी खर्च | ८३१२४४९.४५ | | ५ | अनुदान फिर्ता | २३१३१४१४.६४ | २३१३१४१४.६४ |
| | ख) स्थानीय तह विविध खर्च खाता | ५२७६१५१.५३ | | ६ | अन्तर स्थानीय तहबाट प्राप्त | | ७७५१३६९४.२५ |
| | ग) स्थानीय तह विविध कोष खाता | ५९०७००.०० | | | क) सामाजिक सुरक्षा | ६५०३४६६७.०० | |
| | घ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ११९२४५८.०० | | | ख) घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | १९९७९४३.०० | |
| ६ | अन्तर स्थानीय तहबाटप्राप्त | | ७७५१३६९४.२५ | | ग) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ५८२०००.०० | |
| | क) सामाजिक सुरक्षा | ६५०३४६६७.०० | | | घ) स्वास्थ्य क्षेत्रसुधार कार्यक्रम | ८७२३०८४.२५ | |
| | ख) घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | १९९७९४३.०० | | | ङ) विद्यालय शिक्षाक्षेत्र योजना | ११७६०००.०० | |
| | ग) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ५८२०००.०० | | | | | |
| | घ) स्वास्थ्य क्षेत्रसुधार कार्यक्रम | ८७२३०८४.२५ | | | | | |
| | ङ) विद्यालय शिक्षाक्षेत्र | ११७६०००.०० | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | योजना | | | | | | |
| | जम्मा | ५५०८३०१८२.९५ | ५५०८३०१८२.९५ | | जम्मा | ५५०८३०१८२.९५ | ५५०८३०१८२.९५ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको परीक्षण**

२.१ **वित्तीय विवरणको विश्लेषण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ।पालिकाकोआर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.६ करोड ५० लाख ३४ हजार ६६७, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको रू. १९ लाख ९७ हजार ९४३, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको रू. ५ लाख ८२ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू. ८७ लाख २३ हजार ८४.२५ र विद्यालय क्षेत्र योजनाको रू. ११ लाख ७६ हजार समेत गरी रू. ७ करोड ७५ लाख १३ हजार ६९४.२५ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.२ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.७ करोड ७५ लाख १३ हजार ६९४.२५ र यस वर्षको भुक्तानी रु.७ करोड ७५ लाख १३ हजार ६९४.२५ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी |
|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ४२,८४,८६,६५३.०७ | ४४,८३,२९,८८६.६३ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५०,६०,००,३४७.३२ | ५२,५८,४३,५८०.८८ |
| फरक | ७,७५,१३,६९४.२५ | ७,७५,१३,६९४.२५ |

२.३ **बैङ्कहिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाताको प्रकार | श्रेस्ता अनुसार बाँकी रू. | बैंक अनुसार बाँकी रू. | फरक |
|---|---|---|---|
| ग ३.१ स्थानीय तह धरौटी खाता | १,३५,२५,१३७.४५ | १,३५,२५,१३७.४५ | १,३५,२५,१३७.४५ |
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ८३,०४,८३५.९९ | ८३,०४,८३५.९९ | ८३,०४,८३५.९९ |
| स्थानीय तह विविध खर्च खाता | १३,१८,१८७.८१ | १३,१८,१८७.८१ | १३,१८,१८७.८१ |
| स्थानीय तह विविध कोष खाता | १६,२६,८७२.५० | १६,२६,८७२.५० | १६,२६,८७२.५० |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २,११,५६८.३२ | २,११,५६८.३२ | २,११,५६८.३२ |
| **जम्मा** | **२,४९,८६,६०२.०७** | **२,४९,८६,६०२.०७** | ० |

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· विभिन्न म.ले.प.फा.नं. का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारित म.ले. प.फा.नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिवेदन ९०९ र म.ले.प.फा.नं. २०२ भुक्तानी कारोबारको सिफारिस पत्र पूर्णरुपमा प्रयोगमा ल्याएको पाइएन,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगतखर्च निर्माणमुखी रहेको पाएइन,

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो,

· वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख PAMS मा र पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन,

· जिन्सी निरीक्षण प्रतिवेदन पेश नहुँदा विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्ने नपर्ने के हो एकीन भएन,

· पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन,

· अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहले बजेट कार्यान्यिनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्थाको पालनागरेको पाइएन,

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म.ले.प.फा.नं. ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाइएन,

· सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन दिनुपर्नेमा कार्यस्वीकार प्रतिवेदन तयार गरेको पाइएन,

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन,

· स्थानीय सेवा ऐनबमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामकोकार्य विवरण बनाई लागु गरेको पाइएन,

· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटरसम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाइएन,

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृतिदिन सक्ने व्यवस्था भएकोमासो अनुसार गरेको पाइएन,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रू. बीस लाख भन्दा बढिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन हुने खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ। पालिकालेरू. २० लाख भन्दा बढिका निर्माण कार्यको नियमानुसार बीमा गराएको पाइएन,

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

## ४ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमाप्राप्तभएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण हेर्दा निम्नानुसार रू. २ करोड ३१ लाख ३१ हजार ४१४.६४ संघ तथा प्रदेश अनुदानको रकम खर्च हुन नसकी सम्बन्धित तहको संचित कोषमा फिर्ता भएको छ।

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **फिर्ता गर्नुपर्ने** | **फिर्ता रकम** |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त चालु | १२,६५,७५,२५० | ११,२४,९०,३४९.३६ | १,४०,८४,९००.६४ | १,४०,८४,९००.६४ |
| | शसर्त पुँजीगत | ४,८२,००,००० | ३,९२,१९,८६९ | ८९,८०,१३१ | ८९,८०,१३१ |
| | विशेष पुँजीत | १,००,००,००० | ९९,३३,६१७ | ६६,३८३ | ६६,३८३ |
| | समपुरक पुँजीगत | १,५०,००,००० | १,५०,००,००० | ०.०० | ०.०० |
| **प्रदेश सरकार** | शसर्त पुँजीगत | २,३६,००० | २,३६,००० | ०.०० | ०.०० |
| | विशेष चालु | ४२,५५,७७५ | ४२,५५,७७५ | ०.०० | ०.०० |
| | विशेष पुँजीगत | ३९,९०,८२० | ३९,९०,८२० | ०.०० | ०.०० |
| | समपुरक पुँजीगत | ३१,१३,४३७.०० | ३१,१३,४३७ | ०.०० | ०.०० |
| **जम्मा** | | **२११३७१२८२.** | **१८८२३९८६७.३६** | **२३१३१४१४.६४** | **२३१३१४१४.६४** |

५ **कानुन निर्माण तथा कार्यान्वयन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३७ वटा ऐन, ४ वटा नियमावली, १६ वटा मापदण्ड तथा नीति, १ वटा कानुन, ३ वटा आचार संहिता, १० वटा निर्देशिका र ६८ वटा कार्यविधि गरी १३९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। पालिकाले कानूनहरु निर्माण गरी सभा/ कार्यपालिकाबाट स्वीकृत गरि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियन गर्ने र नमुना कानून अनुसार सबै कानुन तर्जुमा गरी कार्यान्वियनमा ल्याउनु पर्दछ।

६ **न्यायिक समितिको कार्य सम्पादन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी विवाद नरहेकोमा यस वर्ष १७ वटा विवाद दर्ता भएकोमा १६ वटा फर्स्यौट भई १ वटा विवाद फर्स्यौट हुँन बाँकी रहेको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

७ **सवारी साधन मर्मत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा मालसामान मर्मत गराउदा सार्वजनिक निकायले आफ्नै मर्मत केन्द्र वा वर्कसप भएको अवस्थामा आफ्नै मर्मत केन्द्र तथा वर्कसपबाट गराउनु पर्ने र नभएको अवस्थामा यस नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरी नियमावलीमा भएको प्रावधान अनुशरण गरी खरिद गर्नु पर्ने व्यवस्था छ। पालिकाले सवारी साधन मर्मत गराउदा आफ्नो मर्मत केन्द्र नभएको अवस्थामा नियमावलीमा भएको व्यवस्था अनुरुप लागत अनुमान स्वीकृत गराई खुला र प्रतिस्पर्धात्मक मुल्यमा मर्मत सेवा खरिद गर्नु पर्नेमा १ चार पाङ्ग्रे, १ ब्यकहोलोडर, २ एम्बुलेन्स, २ ट्याक्टर, १ कृषि एम्बुलेन्स, १ रोलर र २८ वटा मोटरसाइकल/स्कुटर मर्मत वापत सोझै खरिद गरी रू. २७,९३,१२०।०० लाख भुक्तानी गरेको छ। तसर्थ पालिकाले खरिदमा प्रतिस्पर्धा कायम हुने गरी मितव्यायि तरिकाले मर्मत खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ।

८ **आन्तरिक आय तर्फ**

८.१ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यस वर्ष केन्द्रीय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३६,६१,८७,८३४ | ६३,३३,१३८.४५ | १.७३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.७३ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

८.२ **विगत तीन वर्षको आन्तरिक आयको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। तीन वर्षको आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आ.व. | आय अनुमान | संकलित रकम | प्रतिशत |
|---|---|---|---|
| २०७९/८० | १,१६,००,००० | ६२,४५,३२९ | ५३.८४ |
| २०८०/८१ | ७८,४५,००० | ६२,६०,१९० | ७९.८० |
| २०८१/८२ | ७५,२५,००० | ६३,३३,१३८ | ८४.१६ |

उपर्युक्त विवरण अनुसार आ.व. २०७९/८० मा रु. १ करोड १६ लाख आन्तरिक आय अनुमान गरिएकोमा रु. ६२ लाख ४५ हजार (५३.८४ प्रतिशत), आ.व. २०८०/८१ मा रु. ७८ लाख ४५ हजार आय अनुमान गरिएकोमा रु. ६२ लाख ६० हजार (७९.८० प्रतिशत) र आ.व. २०८१/८२ मा रु. ७५ लाख २५ हजार आय अनुमान गरिएकोमा रु. ६३ लाख ३३ हजार (८४.१६ प्रतिशत) आय प्राप्त भएको छ। पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोवारहरुलाई करको दायारामा ल्याई आन्तरिक आय वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

८.३

**व्यवसाय कर**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय रजिष्ट्रेशन दस्तुर, व्यवसायले भुक्तानी गर्ने र व्यवसायी कर वापत रु.३ लाख ३ हजार ७० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।पालिकाको विगत तीन बर्षको अनुमानित र संकलित व्यवसाय कर देहाय बमोजिम रहेको छ।

| आ.ब. | आय अनुमान | संकलित रकम | प्रतिशत |
|---|---|---|---|
| २०७९/०८० | ८५०००० | ० | ० |
| २०८०/०८१ | ८७५००० | ४१०० | ०।४७ |
| २०८१/०८२ | ९००००० | ३०३०७० | ३३।६७ |

८.४ **सवारी कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ।

८.५ **विज्ञापन कर** - नेपालको संविधानको अनुसूची ९ को बुँदा नं. ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। सामाजिक संजाल मार्फत हुने विज्ञापनलाई कानूनको दायरामा ल्याउन सकेको देखिएन। पालिकाको आर्थिक ऐन, २०८१ मा होर्डिङ् वोर्ड, ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्याख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। विद्युतीय प्लेटफर्म मार्फत गरिने विज्ञापनहरुलाई समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ।

८.६ **प्रदेश कानूनको कार्यान्वयन** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची - ३ मा उल्लिखित कर तथा तथा गैर कर लगाउन र उठाउन सक्ने व्यवस्था छ। साथै ऐनको अनुसूची - ३ मा स्थानीय तहले सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क आदि कर संकलन गर्दा प्रदेशले तोकेको उल्लिखित कर समेत संकलन गर्नु

पर्ने व्यवस्था छ। पालिकाले उल्लिखित कर अधिकारलाई कार्यान्वयनमा ल्याई कर संकलन गर्न सकेको देखिएन। प्रदेशले तोकेको दर सम्म असुल गर्ने राजस्व संकलन नीति कार्यान्वियनमा ल्याई स्थानीय कराधिकार फराकिलो बनाउन पालिकाको ध्यान दिनु पर्दछ।

## ९ सिफारिस दस्तुर

पालिका कार्यालयबाट विभिन्न सेवा जस्तै: पञ्जीकरण सेवा जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद, बसाइँसराइ, नागरिकता, नाता प्रमाणित सिफारिस, घरबाटो सिफारिस तथा अन्य सिफारिसको वार्षिक वडागत तथ्याङ्क प्राप्त गरी सम्बन्धित आर्थिक ऐनले तोकेअनुसार वडागत रूपमा सङ्कलन तथा दाखिला हुनुपर्ने त्यस्तो दस्तुर र यथार्थ रूपमा सङ्कलन तथा दाखिला भएको (वित्तीय विवरणमा देखिएको) रकमबिच भिन्नता वा घटी देखिएकोमा सम्बन्धित वडा सचिव वा जिम्मेवार व्यक्तिबाट असुल हुनुपर्दछ।

## १० आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

## ११ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका ६ वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ।

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घरनक्सा दर्ता पास | १ |
| | **पञ्जिकरणतर्फ** | **१०२१** |
| २ | जन्मदर्ता | ४६० |
| ३ | मृत्युदर्ता | १९४ |
| ४ | बसाईसराई दर्ता | १४७ |
| ५ | विवाह दर्ता | २१३ |
| ६ | सम्बन्धविच्छेद दर्ता | ७ |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| ७ | कालोपत्रे सडक निर्माण | ५ कि.मि. |
| ८ | ग्राभेल सडक निर्माण | १० कि.मि. |

पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध विच्छेद, विवाह दर्ता तथा अन्य विषयहरु सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख प्राप्त हुँन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

## १२ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय

अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१२ मा रू. ४७ करोड ३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१२ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

## १३ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलापहरु सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

## १४ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेको छ। पालिकाले ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

## १५ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

## १६ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची - ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलकरोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताको आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्नअनुसार वडागत र पालिकास्तरका कुल ११३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | योजना सङ्ख्या | रु.१० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि १०लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|
| १ | ११३ | १८ | १० | ८५ |

उपर्युक्त विवरण अनुसार पालिकाले ८५ वटा अर्थात ७५ प्रतिशत रु ५ लाख भन्दा कमका वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने

तथा निर्माण कार्यको गुणस्तरमा समेत कमि आउन सक्ने हुन्छ। पालिकाले वस्तुनिष्ठ तवरले योजना छनौट र प्राथिमिकीकरण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

## १७ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको आ.व. २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट (हजारमा) | खर्च (हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३२६११ | २५२६० | ६.१७ |
| २ | सामाजिक विकास | १३११४८ | १११६३४ | २७.२८ |
| ३ | पूर्वाधार विकास | १७००५६ | १४७७७१ | ३६.११ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६१४० | ४८९९ | १.२० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३७६८५ | ११९६६४ | २९.२४ |
| | **जम्मा** | ४७७६४० | ४०९२२८ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ३६.११ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा १.२० प्रतिशत रहेको छ।

## १८ खर्च बिश्लेषण

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. ६३ लाख ३३ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु. ४० करोड ६७ लाख ८१ हजार समेत रु. ४१ करोड ३१ लाख १५ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २१ करोड ३३ लाख २६ हजार र पूँजिगत तर्फ रु. १९ करोड ५९ लाख २ हजार समेत रु. ४० करोड ९२ लाख २८ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५५ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुविधामा रु. ५७ लाख २० हजार खर्च भएको छ जुन आन्तरिक आयको ९०.३३ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५२.१ प्रतिशत चालु र ४७.३ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## १९ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (हजारमा) | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १९५९०२ | २१९६५ | ३१५५८ | ५७६७१ | ८४७०८ | ५४०८१ |
| **प्रतिशत** | **१००** | **११.२१** | **१६.११** | **२९.४४** | **४३.२४** | **२७.६१** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु. १९ करोड ५९ लाख २ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा ११.२१ प्रतिशत, दोस्रो त्रैमासिकमा १६.११ प्रतिशत, तेस्रो त्रैमासिकमा रु. २९.४४ प्रतिशत र चौथो त्रैमासिकमा ४३.२४

प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. ५ करोड ४० लाख ८१ हजार (२७.६१ प्रतिशत) खर्च देखिनुले आषाढमा खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

२० **रकमान्तर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन, २०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाको विनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन। कार्यपालिकाको निर्णय बमोजिम ८० कार्यक्रम घटाई ८२ कार्यक्रममा बढाएर विभिन्न शीर्षकमा कुल रु.३ करोड ७ लाख ९४ हजार रकमान्तर गरी अधिकांश शीर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले विनियोजन ऐनमा व्यवस्था नगरी एक शीर्षकबाट रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नु पर्दछ। रकमान्तर गरि थप गरिएका कार्यक्रमहरु निम्नानुसार रहेका छन्।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | रकम |
|---|---|---|
| | | |
| १ | वडाका विभिन्न स्थानका लागि ह्युमपाईप खरिद | ५०,००० |
| २ | वडाका विभिन्न स्थानका लागि ह्युमपाईप खरिद | १,००,००० |
| ३ | धुनि घर निर्माण वडा नं. ५ | ७,५०,००० |
| ४ | मसलन्द तथा कार्यालय सामाग्री | ८,००,००० |
| ५ | बाईसिबिचवा चर्चको अधुरो शौचालय निर्माण वडा नं. १ | ५,००,००० |
| ६ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४,५०,००० |
| ७ | सिउँडी (Dragon Fruit) फल खेतिका लागि सहयोग कार्यक्रम | ५०,०००.०० |
| ८ | धुनि घर निर्माण वडा नं. ५ | ५,००,००० |
| ९ | छपाई तथा सूचना प्रकाशन खर्च | ५०,०००.०० |
| १० | भ्रमण खर्च | १,००,००० |
| ११ | काठमाडौ टोलको शम्भु भवन निर्माण वडा नं. २ | ५,००,००० |
| १२ | गारमेन्ट व्यवस्थापन फर्निचर खरिद सहयोग | १,००,००० |
| १३ | सक्षरोत्तर कक्षाका लागि बिउ बिजन बितरण कार्यक्रम | ४०,०००.०० |
| १४ | १ नं. वडाको वृत चित्र निर्माण | १,००,००० |
| १५ | चान्देवको अधुरो विद्यालय भवन निर्माण | ५०,०००.०० |
| १६ | पारिश्रमिक कर्मचारी (कृषि, पशु, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा करारमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक, चाडपर्ब खर्च र पोषाक भत्ता) | १३,२६,००० |
| १७ | साझेदारीमा दमकल खरिद | १०,००,००० |
| १८ | इन्धन - अन्य प्रयोजन | ३,००,००० |
| १९ | ठेक्का सम्बन्धी सूचना प्रकाशन खर्च | ५,००,००० |
| २० | मेसवायर जाली तारबार निर्माण तथा पोल खरिद | १,००,००० |

| | | |
|---|---|---|
| २१ | विविध खर्च | ५०,०००.०० |
| २२ | प्राबिधिक विद्यालयको लागि सिभिल ल्याब सामाग्री खरिद | ५,००,००० |
| २३ | अन्य भाडा | १,५०,००० |
| २४ | श्री नवोदय आ.वि. फर्निचर तथा मेसेनरी समान खरिद | २,००,००० |
| २५ | १ नम्बर वडाको शाखा बाटो ग्राभेल | १,००,००० |
| २६ | भलमन्सा क्षमता विकास कार्यक्रम | १,५०,००० |
| २७ | म्यादी जिवन बिमा कार्यक्रम | २,००,००० |
| २८ | उपाध्यक्ष कोशेली कार्यक्रम | २,००,००० |
| २९ | उपाध्यक्ष कोशेली कार्यक्रम | २,४०,००० |
| ३० | विपद व्यवस्थापन | १,००,००० |
| ३१ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३,००,००० |
| ३२ | पानी तथा बिजुली | ३,५०,००० |
| ३३ | श्री दुर्गा आ.वि.को लागि फर्निचर मर्मत | २,००,००० |
| ३४ | खानेपानी ट्यांकीनिर ह्युमपाइप जडान योजना | १,००,००० |
| ३५ | अधुरो गौरा घर निर्माण तथा माटो भरान वडा नं. ५ | ३,००,००० |
| ३६ | भेदभाव उन्मुलन तथा सचेतना कार्यक्रम | १,००,००० |
| ३७ | एकता सिँचाई बोरिङ्ग मर्मत | ४०,०००.०० |
| ३८ | तनुकलालको घर देखि पुर्व बेथानी चर्च हुदै दोदा नदि रिङ रोड कालोपत्रे | ९,००,००० |
| ३९ | विविध खर्च- गाउँपालिका | १,००,००० |
| ४० | विविध खर्च- गाउँपालिका | ४,००,००० |
| ४१ | सहकारी संचालन व्यवस्थापन खर्च | २०,०००.०० |
| ४२ | अधुरो अजयपाल मार्ग सडक स्तरोन्नति बल्मी | २,५०,००० |
| | | |

| | | |
|---|---|---|
| ४३ | ५ नम्बर वडा कार्यालयको भवन निर्माण क्रमागत | २७,००,००० |
| ४४ | सर्भे डिजाईन खर्च | २,००,००० |
| ४५ | सर्भे डिजाईन खर्च | ३,००,००० |
| ४६ | इन्धन (पदाधिकारी) | ३,००,००० |
| ४७ | १० शैया अस्पतालको घेरा पर्खाल तथा सटर निर्माण | ५,००,००० |
| ४८ | पोशाक | ४,००,००० |
| ४९ | शारदा राष्ट्रिय मा.वि.को शैक्षिक गुणस्तर सुधार | १,२५,००० |
| ५० | वडा कार्यालयको अधुरो पर्खाल, गेट र मोटर साइकल स्टेण्ड निर्माण | १,००,००० |
| ५१ | सवारी साधन मर्मत खर्च | ८,३६,००० |
| ५२ | खेलकुद सामाग्री खरिद | ५०,०००.०० |
| ५३ | खेल मैदान व्यवस्थापन तथा सहायता | ५०,०००.०० |
| ५४ | अनाथ तथा टुहुरा सामाजिक सुरक्षा | ४,००,००० |
| ५५ | मसलन्द तथा कार्यालय सामाग्री | ३,००,००० |
| ५६ | औषधीखरिद खर्च | ३,५०,००० |
| ५७ | सूचना प्रणाली, पालिका प्रोफाईल तथा सफ्टवेयर संचालन खर्च | ५,००,००० |
| ५८ | दश वर्षे शिक्षा क्षेत्र योजना अद्यावधिक तथा छपाई | १,५०,००० |
| ५९ | सवारी साधन मर्मत खर्च | १,९०,००० |
| ६० | अन्य कार्यालय संचालन खर्च | ४,५०,००० |
| ६१ | सेवा र परामर्श खर्च | ५,००,००० |
| ६२ | पावर टिलर तथा सिचाई समाग्री खरिद | २,५०,००० |
| ६३ | इन्धन (कार्यालय प्रयोजन) | ४,००,००० |
| ६४ | करार सेवा शुल्क | १४,६९,५०० |
| | | |

| | | |
|---|---|---|
| ६५ | करार सेवा शुल्क | १०,०५,५०० |
| ६६ | चान्देवको अधुरो विद्यालय भवन निर्माण वडा नं. ६ | ३,००,००० |
| ६७ | श्री शिवकृष्ण मन्दिरको भवन निर्माण | २,००,००० |
| ६८ | शंकरपुर स्वास्थ्य चौकी रंगरोगन | ९८,०००.०० |
| ६९ | शंकरपुर स्वास्थ्य चौकी रंगरोगन | ७०,०००.०० |
| ७० | घरभाडा | ५०,०००.०० |
| ७१ | तहगत पाठ्यक्रम प्रबोधिकरण तथा कार्यान्वयन सहजिकरण कार्यक्रम | ७०,०००.०० |
| ७२ | दायित्व श्रृजित आयोजनाहरुको भुक्तानी | १८,४४,००० |
| ७३ | पारिश्रमिक कर्मचारी | ४,००,००० |
| ७४ | मुक्त कमलरी सिपमूलक कार्यक्रम | १,००,००० |
| ७५ | काँडेतार खरिद | ४१,९००.०० |
| ७६ | अधुरो बैजनाथ मन्दिर निर्माण वडा नं. २ | ५,००,००० |
| ७७ | ब्युटिसियन (Beautician) तालिम | २,००,००० |
| ७८ | बेल चौराह अधुरो मन्दिर निर्माण वडा नं. ४ | ३,००,००० |
| ७९ | भ्रमण खर्च | ५०,०००.०० |
| ८० | चान्देवको जंगलको अधुरो बाटो निर्माण वडा नं. ६ | ५,००,००० |
| ८१ | विभिन्न समपुरक योजनाको लागि साझेदारी कोष (Matching Fund) | २०,७९,००० |
| ८२ | अधुरो हेब्रोन चर्च निर्माण | १,५०,००० |
| | **जम्मा** | **३,०७,९४,९००.००** |

२१ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) मा चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढि खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ। सोही नियमावलीको नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बील भरपाई बमोजिमको रकम आगामी

वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, कोलेनिका र महालेखापरीक्षकको कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार गत वर्ष रू.२,७५,४९,८४१.८३ संचित कोष मौज्दात बाँकी रहि यो वर्ष अल्या गरेको छ। तर गत वर्ष भुक्तानी हुन नसकी यो वर्ष रू. ३,८८,११,५०२।०० बजेटमा भुक्तानी हुन बाँकीको रुपमा व्यवस्था गरी यो वर्ष भुक्तानी गरेको छ।त्यसै गरी आ.व. २०८१/८२ मा संचित कोष रु.८३,०४,८३५.९९मौज्दात रहेकोमा आ.व. २०८२/८३ को लागि रू. २,६०,९१,७२९।०० भुक्तानी दिनको बाँकी जिम्मेवारी सारेको छ।यसरी स्रोतको सुनिश्चितता विना दायित्व सृजना हुने गरी आयोजना तथा कार्यक्रममा रकम विनियोजन तथा दायित्व सृजना गर्ने कार्यले पालिकाले बजेट अनुशासन पालना गरेको देखिदैन। त्यसै गरी उक्त दायित्व सृजना भएको अवस्थामा नियमावलीको उल्लिखित व्यवस्था अनुसार प्रमाणित गराई महालेखापरीक्षकको कार्यालयलाई पठाएको देखिएन। सिद्धान्ततः बजेट एक आर्थिक वर्षको लागि बनाइने भएकोले आगामी आर्थिक वर्ष भुक्तानी हुने गरी दायित्व सृजना गर्नु हुदैन। पालिकाले यस सम्बन्धमा सुधार गर्नुपर्दछ। पालिकाले गत आ.ब. मा दायित्व सिर्जना गरी यस आर्थिक बर्षमा भुक्तानी गरेका केही उदाहरणहरु यस प्रकार छन्।

| कार्यक्रम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | २०८१/०८२ मा भुक्तानी रकम रू. |
|---|---|---|---|
| सामाजिक सुरक्षा | अनाथ तथा टुहुरा बालकालिकालाई समाजिक सुरक्षा रकम भुक्तानी | विभिन्न व्यक्तिहरु | ३२६७०० |
| बृत्त चित्र निर्माण | बृत्त चित्र निर्माण | एकता क्रियसन मिडिया प्रा.लि. | ४९९५०० |
| कार्यालय सञ्चालन तथा व्यवस्थापन | २ नं वडा कार्यालयमा गहिरो नल्का जडान | झुसराम सार्की | ४९४९४ |
| कार्यालय सञ्चालन तथा व्यवस्थापन | मसलन्द तथा कार्यालय सामाग्री | कुशल कम्प्लेक्स | ९०६८२ |
| कार्यालय सञ्चालन तथा व्यवस्थापन | मसलन्द तथा कार्यालय सामाग्री | ब्रायन कम्प्लेक्स | १९८०० |
| मोटरघाट देखि डाडाजाई सम्मको सडक निर्माण, वडा नं-०४ | सडक निर्माण | दाउत निर्माण सेवा | ९७६२६३४ |
| मोटरघाट देखि डाडाजाई सम्मको सडक निर्माण, वडा नं-०४ (दोस्रो लट) | सडक निर्माण | महादेब समैजी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | २८१७१६७ |
| Construction of Black top road at Laljhadi RM | सडक निर्माण | बाशुलिङग अनिल कन्स्ट्रक्सन प्रा.ली. | ६५६९६८ |
| प्रकृतिमा आधारित समाधानको नमुना साइट | निर्माण कार्य | New shree S.K Supplier's and Hardware | १७९३९६ |
| (कलुवापुर - बेलौरी सडक खण्ड) देखि वडा नं. ३ डुंगा हुँदै बल्मीमा निर्माणाधिन पक्की पुल हुँदै गाउँपालिका कार्यालयसम्म जोडने सडक (क्रमागत) | सडक निर्माण | K.S-Bashuling Anil-Tej JV, Mahakali, Kanchanpur | ११९८०४१ |
| आधारभूत स्वास्थ्य इकाई सिकलपट्टी जाई गेट/ पर्खाल निर्माण र स्वतन्त्र मा.वि. गेट निर्माण वडा नं. ४ | पर्खाल निर्माण | Padam Construction Bhimdatta-06 | ८२६१११ |
| चान्देव-६ मा खानेपानी ट्याङ्की निर्माण | खानेपानी निर्माण | भिमेश्वर जयश्री जे.भि. | १०७७६२१६ |
| देखतभूली स्वास्थ्य चौकी | भवन निर्माण | शिवलिङ्ग/शिव शंकर जे.भी. | १४०२१७१ |
| **वडा नम्बर २ चक्रपथ बैजनाथ चोकसम्म सडक कालोपत्रे** | सडक निर्माण | रुद्रावती सति साबित्री प्रेम डेभलपर्स जे.भी. | १००७१४८७ |
| बेथानी चर्चमा शौचालय निर्माण | शौचालय निर्माण | उपभोक्ता समिति | १३५१३५ |
| कुल जम्मा | | | ३८८११५०२ |

## २२ मध्यमकालीन खर्चसंरचना

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा तीनै तहको सरकारले बजेट तर्जुमा गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्चको संरचना तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले आ.व. २०८१।८२ को बजेट तर्जुमाको बखत मध्यमकालिन खर्च संरचनामा तयार गरेको छैन। मध्यमकालिन खर्च संरचनामा तयार नगर्दा आवधिक योजना र वार्षिक बजेट

बिच तादम्यता देखिदैन। पालिकाले आवधिक योजना र वार्षिक बजेटबिच तादम्यता कायम गरी बजेटलाई नतिजामूलक बनाउन मध्यमकालिन खर्च संरचाना तयार गरी कार्यान्वयन गर्नु पर्दछ।

### २३ **सार्वजनिक सुनुवाई**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। पालिकाको यस वर्ष एक पटक सार्वजनिक सुनुवाई गरेको छ। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

### २४ **स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट**

स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्षको मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ८६.७५ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन ध्यान जानु जरुरी देखिन्छ।

### २५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २४ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन तथा प्राविधिक तर्फ गरी १९ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

### २६ **कर्मचारी करार**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानिय तहले आफ्नो अधिकार र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ। पालिकाले विभिन्न पदमा ३४ जना कर्मचारीहरु करारमा नियुक्ति गरी यस बर्ष रू. १,०३,१३,३६६।० खर्च लेखेको छ।पालिकाले कार्यबोझको आधारमा संगठन र व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी आन्तरिक आयलाई समेत मध्यनजर गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

### २७ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ५९ जना विभिन्न व्यक्तिहरुलाई रू. ४ लाख २२ हजार आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ६३ लाख ३३ हजारको ६.६६ प्रतिशत हुन आउँछ। पालिकाले आफ्नो आन्तरिक आय संकलनको अवस्थालाई समेत ध्यान दिई निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ।

### २८ **विविध तथा सभा संञ्चालन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खाना, अतिथी सत्कार तथा सभा सञ्चालन) तर्फ रू. ३३ लाख ३४ हजार खर्च गरेको छ। उक्त खर्च पालिकाको आन्तरिक आय रू. ६३ लाख ३३ हजारको ५२.६५ प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यवस्था हुनु पर्दछ।

२९ **इन्धन खर्च**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०८१ मा प्रति कर्मचारी मासिक १२ लिटर सम्म इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। यस वर्ष इन्धनमा इन्धन (पदाधिकारी) मा रू. १२,६६,०१८।०० र इन्धन-अन्य प्रयोजनमा रू. २४,०६,६२२।०० गरी रू. ३६,७२,६४०।०० खर्च भएको देखिन्छ। पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने अद्यावधिक अभिलेख समेत राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनुका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

३० **भ्रमण खर्च अभिलेख**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मिति समेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत टाँस गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च र अन्य भ्रमण खर्चमा गरी कुल रू. १९ लाख ६१ हजार खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

३१ **विपद् व्यवस्थापन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उक्त समिति गठन गरेको भए पनि ऐनमा उल्लेखित व्यवस्था बमोजिमका कार्यहरु गरेको देखिएन। ऐनमा उल्लेख भए बमोजिम समितिलाई सक्रिय बनाउनुपर्दछ।

३२ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। कर्मचारी कल्याण कोषमा यस आर्थिक वर्षको अन्त्य सम्म रू. १२,८७,२८०।०० मौज्दात गरेको छ। यस बर्ष पालिकाले कोषमा रकम ट्रान्सफर गरेको देखिएन । पालिकाले उक्त कोषको सञ्चालन सम्बन्धी कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन। पालिकाले कर्मचारीकोसमेत योगदान रहने गरी कानून बमोजिम कर्मचारी कल्याण कोषको व्यवस्थापन गर्नुपर्दछ।

३३ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। आन्तरिक लेखापरीक्षण शाखा र जनशक्ति नभएको कारण पालिकाले यस वर्षको अन्तरसरकारी हस्तान्तरित कार्यक्रम बाहेकको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

३४ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १९,५९,०२,००६।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना

नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## ३५ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

## ३६ आन्तरिक आय व्यवस्थापन

३६.१ **नदीजन्य रोयल्टी सङ्कलन** - ढुंगा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुँदा नं. ९ अनुसार जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा ९ सदस्यीय अनुगमन समिति रहने र सो समितिले पालिका अन्तर्गतका नदीजन्य पदार्थ उत्खननको अनुगमन गर्नुका साथै सम्बन्धित पालिकाले समेत नियमित रूपमा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहायका खोलामा अमानतबाट नदिजन्य पदार्थमा रोयल्टी सङ्कलनलाई आधार मान्दा ४२,७५४.५ घनमिटर बालुवा र ३३७५ घनमिटर भरान विक्री गरी कूल १,३०,५३,७६०।०० (मूल्य अभिवृद्धि कर सहित) आय संकलन गरेको देखिन्छ। तसर्थ के कति नदीजन्य पदार्थ उत्खनन भएको हो सोको अनुगमन गरी उत्खनन भएको परिमाण सुनिश्चित गर्नुपर्दछ।

| क्र.स | स्थान | IEE अनुसार सङ्कलन गर्न सकिने परिमाण (घ.मि) | | सङ्कलन तथा विक्री परिमाण घ.मी. | | जम्मा संकलित रु. (मू.अ.कर सहित) |
|---|---|---|---|---|---|---|
| | | बालुवा | भरान | बालुवा | भरान | |
| १ | अपिघाट वडा नं ५ | ५९०५. | ३३७५. | ५९०५. | ३३७५. | ७९१००००. |
| २ | सिद्धनाथ वैजनाथ वडा नं. ५ | १७२२०. | ०. | १७२२०. | ०. | |
| ३ | ईटाहा बाबाघाट वडा नं. ४ | १८४८७.५ | ०. | १८४८७.५ | ०. | ५१४३७६०. |
| ४ | सिकलपट्टी डागाजाई वडा नं. ४ | ११४२. | ०. | ११४२. | ०. | |
| कुल जम्मा | | ४२७५४.५ | ३३७५. | ४२७५४.५ | ३३७५. | १३०५३७६०. |

३६.२ **असम्बन्धित शीर्षकमा मूल्य अभिवृद्धि कर दाखिला** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) अनुसार स्थानीय तह वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने सार्वजनिक संस्थाले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ। त्यस्तो कर बेदर्तावालाबाट संकलन भएको अवस्थामा राजस्व शीर्षक नं. ३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। अपिघाट वडा नं ५, सिद्धनाथ वैजनाथ वडा नं. ५, ईटाहा बाबाघाट वडा नं. ४ र सिकलपट्टी डागाजाई वडा नं. ४ समेतका स्थानबाट नदीजन्य पदार्थ बिक्री कर संकलन कार्यका ठेकेदार जय भवानी कन्ट्रक्सन प्रा.ली.(पान नं.६०९८१८०९३) बाट मूल्य अभिवृद्धि कर रु. ६,७८,७९५।०० पालिकाले प्राप्त गरेकोमा उक्त रकम ठेकेदारकै स्थायी लेखा नम्बर प्रयोग गरी राजस्व शीर्षक

नं. ३३३१४ मा दाखिला गरेको देखियो। यसरी गरिएको दाखिला उल्लिखित प्रावधानविपरीत देखिएकाले पालिकाले उक्त रकम आफ्नो स्थायी लेखा नम्बरबाट राजस्व शीर्षक नं. ३३३१७ मा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,७८,७९५ |

३६.३ **बढी बिक्रि शुल्क** - सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८१ को अनुसूची–६ अनुसार हिमाली तथा पहाडी जिल्लामा नदीजन्य पदार्थ (बालुवा) को बिक्री शुल्क प्रति क्यूबिक फिट रु. ६.०० अर्थात् प्रति घन मिटर मूल्य अभिवृद्धि कर बाहेक रु. २११.८९ र मूल्य अभिवृद्धि करसहित रु. २३९.४३ तोकिएको छ। त्यसैगरी, भरानको बिक्री शुल्क प्रति क्यूबिक फिट रु. ४.०० अर्थात् प्रति घन मिटर मूल्य अभिवृद्धि कर बाहेक रु. १४१.२६ र मूल्य अभिवृद्धि करसहित रु. १५९.६२ निर्धारण गरिएको छ। सोही ऐनको दफा ८ को उपदफा (३) अनुसार उक्त बिक्री शुल्क सम्बन्धित स्थानीय तहले संकलन गर्नुपर्ने व्यवस्था रहेको छ। तर पालिकाले यस वर्ष आयठेक्का सम्बन्धमा जय भवानी कन्ट्रक्सन प्रा.लि. सँग गरेको सम्झौता–पट्टामा ऐनले तोकेको दरभन्दा बढी बिक्री दर कायम गरी सम्झौता गरेको देखियो, जुन प्रचलित कानूनी व्यवस्थासँग अनुरूप देखिँदैन।

| क्र.स | स्थान | बिक्री परिमाण घ.मी. | | हुनुपर्ने बिक्रिदर | | भएको बिक्रिदर | | सम्झौता रु. (मू.अ.कर सहित) |
|---|---|---|---|---|---|---|---|---|
| | | बालुवा | भरान | बालुवा | भरान | बालुवा | भरान | |
| १ | अपिघाट वडा नं ५ | ५९०५. | ३३७५. | २३९.४३ | १५९.६२ | ३१२.२६ | २०८.१५ | ७९१००००. |
| २ | सिद्धनाथ वैजनाथ वडा नं. ५ | १७२२०. | ०. | २३९.४३ | ०. | ३१२.२६ | ०. | |
| ३ | ईटाहा बाबाघाट वडा नं. ४ | १८४८७.५ | ०. | २३९.४३ | ०. | २४१.४९ | ०. | ५१४३७६०. |
| ४ | सिकलपट्टी डागाजाई वडा नं. ४ | ११४२. | ०. | २३९.४३ | ०. | २४१.४९ | ०. | |
| कुल जम्मा | | ४२७५४.५ | ३३७५. | २३९.४३ | १५९.६२ | | | १३०५३७६०. |

३६.४ **मूल्य अभिवृद्धि कर दाखिला** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) मा स्थानीय तह वा मूल्य अभिवृद्धि कर नलाग्ने बस्तुको कारोवार गर्ने सार्वजनिक संस्थाले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने उल्लेख छ । त्यस्तो कर बेदर्तावालाबाट गर्ने संकलन राजस्व शीर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष लगाएका रोयल्टी आय ठेक्कामा ठेकेदार जय भवानी कन्ट्रक्सन प्रा.ली.(पान नं. ६०९८१८०९३) को पान नं. बाट राजस्व शीर्षक नं.३३३१७ मा रु. १०,१८,२५६।०० दाखिला गरेको छ । उक्त दाखिला ऐनको प्रावधान अनुसार नभएकाले पालिकाले आफ्नो स्थायी लेखा नम्बरबाट राजस्व शीर्षक नं. ३३३१७ मा दाखिला हुनुपर्दछ ।

३६.५ **आय ठेक्काको रसिद नियन्त्रण** - एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार स्थानीय तहमा लागू हुने गरी राजस्व शीर्षकहरूको वर्गीकरण तथा व्याख्या गरिएको छ। साथै, राजस्व लेखाका लागि म.ले.प.फा. नं. १०६ (दैनिक नगदी राजस्व आम्दानी खाता), म.ले.प.फा. नं. १०८ (राजस्व प्राप्तिको बैंक नगदी किताब), म.ले.प.फा. नं. १११ (करदाताको लगत) लगायत फारम नं. १०१ देखि ११८ सम्मका म.ले.प. फारमहरू निर्धारण गरेको छ। तर कार्यालयले यस आर्थिक वर्षमा राजस्व आम्दानी गर्दा उल्लिखित म.ले.प. फारमहरू राखेको देखिएन। साथै, राजस्वको प्रकृतिअनुसार उपयुक्त शीर्षक मिलाई राजस्व दाखिला गर्ने प्रक्रिया समेत व्यवस्थित नभएको देखियो। करदाताको लगत अभावमा प्राप्त हुनुपर्ने र प्राप्त भएको राजस्वको भिडान परीक्षण गर्न सकिएन। यस आर्थिक वर्षमा नदीजन्य पदार्थ बिक्री तथा रोयल्टी संकलनका लागि ठेकेदार जय भवानी कन्ट्रक्सन प्रा.लि. लाई रसिद जारी गरिएको जनाइए

तापनि ती रसिद ठेलीहरू हालसम्म पालिकामा फिर्ता भएको देखिएन। अघिल्लो आर्थिक वर्षका बाँकी रसिदहरूको समेत यकिन गर्न सकिएको छैन। ठेकेदारले नै तयार गरी ल्याएको रसिद ठेली कार्यालयबाट प्रमाणित गरी दिइएको भए पनि ती रसिद फिर्ता नगरिनुले रसिद दुरुपयोग तथा बिक्री दरमा जोखिम रहने अवस्था देखिन्छ। यस सम्बन्धमा सम्बन्धित पदाधिकारी तथा कर्मचारीलाई जिम्मेवार बनाई नियमानुसार रसिद ठेली फिर्ता लिई नियन्त्रण तथा व्यवस्थापन गर्नुपर्दछ। साथै, राजस्व सङ्कलन प्रक्रियालाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३७ **तलबी प्रतिवेदन**

सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४७(२) मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ,साथै तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको सुरु तलब स्केल प्रदेश सरकारले तोके बमोजिम हुनेछ र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ।पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित बेगर २४ जना स्थायी कर्मचारीको रु.१ करोड ६० लाख ५३ हजार ९६४ तलब खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नभएकोले कर्मचारीले पाउने ग्रेड रकम यकिन गर्न सकिएन । तसर्थ,तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकाले पाउने भन्दा बढी तलब भत्ता र ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३८ **विद्युत महसुल (जरीबाना)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।यस वर्ष पालिकाले विद्युत महशुल समयमै भुक्तानी गरी छुट लिनुपर्नेमा ढिलो गरी विद्युत महशुल भुक्तानी गरेकोले जरिबाना समेत भुक्तानी गर्नु परेको छ।पालिकाले विभिन्न गो.भा. बाट रू ३१५०००।० विद्युत महसुल भुक्तानी गर्दा जरिबाना स्वरुप रू. ६३१२०।- भुक्तानी गरेको छ।यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ६३,१२० |

३९ **मसलन्द तथा कार्यालय सामाग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजिमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने यकिन गर्नुपर्ने व्यवस्था छ। पालिकाले दिएको विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी रू.४८,७०,४७६।० को कार्यालय मालसमान खरिद गरेको छ।एउटै प्याकेजमा गर्न सकिने कार्यलाई पालिकाले टुक्रापारी खरिद गरेको छ ।तसर्थ, खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

४० **कर्मचारी इन्धन सुविधा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।पालिकाले यस बर्षकर्मचारी इन्धन मापदण्ड,२०७९ अनुसार स्थायी, करार तथा कामकाजमा खटिएका समेत गरी ६१ जना कर्मचारीमध्ये अधिकृतस्तरलाई मासिक रू. २६३५।०, सहायकस्तरलाई मासिक रू. १७५०।० र श्रेणीविहिनलाई मासिक रू. ८७५।० का दरले इन्धन सुविधा उपलब्ध गराई रू. ११,५५,०००।० खर्च लेखेको छ जुन पालिकाको आन्तरिक आय रु. ६३ लाख ३३ हजारको १८।२३ प्रतिशत हुन्छ तसर्थ, निश्चित मापदण्ड र कार्यविधि बनाएर पालिकाको आन्तरिक स्रोत तथा कार्यबोझ समेतको विश्लेषण गरी इन्धन सुविधा खर्चमानियन्त्रण गर्नुपर्दछ।

४१ **पालिका स्तरीय खेलकुद कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यितता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ।पालिकाले यस बर्ष नगरपालिका भित्रअध्यक्ष कप, राष्ट्रपति रनिङ शिल्ड, विद्यालय स्तरीय खेलकुद लगायत विभिन्न खेलकुद प्रतियोगिता सञ्चालनमा रु.११,२५,०००।० खर्च गरेको छ जुन पालिकाको आन्तरिक आय रु. ६३ लाख ३३ हजारको १७।७६ प्रतिशत हुन्छ ।यस सम्बन्धी खर्चका फाँटवारी परीक्षण गर्दा अधिकांस खाजा, खाना तथा बास वापत विभिन्न होटलका विल भरपाई, खेलकुद पोशाक तथा खेल सामाग्री खरिदका विभिन्न आपूर्तिकर्ताको बिल भरपाई, गाडी रिभर्ज वापतको विल भरपाई, खेल अफिसियल, प्रशिक्षक र स्वयसेवकको पारिश्रमिकलगायतका खर्च संलग्न रहेको छ।कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको प्रस्तावना, लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन समेत पेश गर्नुपर्नेमा सो तयार गरेको पाइएन् । तसर्थ, पालिकाले यस प्रकारका कार्यक्रम सञ्चालन गर्दा निर्धारित खर्च मापदण्डको आधारमा प्रस्तावना तथालागत अनुमान स्वीकृत गरी खर्चमा मितव्ययितामा कायम गर्नुपर्दछ।

४२ **औषधी खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि खरिद गर्नुपूर्व तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन तथा वार्षिक आवश्यकताको विवरण तयार गरी आपूर्ति तथा वितरणको व्यवस्थापन गर्नुपर्दछ।आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका विवरण उल्लेख रहेको हुनुपर्दछ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष पालिकाले विभिन्न फर्महरुबाटरू. ६४,१८,०९२।०को औषधी सोझै खरिद गरेको देखिन्छ।आपूर्तिकर्ताबाट खरिद हुने औषधी तथा औषधी जन्य सामाग्रीको Expiry date स्टोर दाखिला समय सम्म कम्तिमा १८ महिना वाँकी हुनु पर्दछ। पालिकाले खरिद गरेका औषधी भण्डार दाखिला गर्नुभन्दा पहिले अनिवार्य रुपमा inspection गरी Inspection report बनाउनुपर्नेमा सो नगरी भण्डार दाखिला गरेको पाइयो।अतः पालिकाले खरिद गरेको औषधीको म्याद चेक जाँच गरी भण्डारण एवं दाखिला गर्नुपर्दछ।साथै पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी खरिदलाई व्यवस्थितर प्रतिस्पर्धी बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

४३ **करार कर्मचारी सुत्केरी स्याहार भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४४ **खर्चको पुस्ट्याइँ**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिम खर्च पुष्टि गर्ने प्रमाण बेगर रु.६०,२०६।० भुक्तानी गरेको छ।यसर्थ, खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने रू.

| **गो.भौ.न. र मिति** | **भुक्तानी पाउने** | **रकम रू** | **पेश गर्नुपर्ने प्रमाण** |
|---|---|---|---|
| ८०६/२०८२।०३।२४ | बोहरा ट्रेर्ड एण्ड सप्लायर्स | ६०२०६ | Leaf spring fornt main लगायतका ८ वटा समाग्री खरिद भएकोमा सोको जिन्सी दाखिला प्रतिवेदन पेश गर्नुपर्ने |
| **जम्मा** | | **६०२०६** | |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **४५,७६५**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **४९,४९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **१४९,९९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,२०६ |

४५ **बढी भुक्तानी** (856-2082-03-25):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **११,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **बिजक बेगर भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४७ **तालिम तथा कार्यक्रम प्रभावकारीता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा कुनै तालिम, सेमिनार कार्याशाला, गोष्ठी जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ। यसैगरी सोही नियमावलीको नियम ३९(८) मा स्वीकृत कार्यक्रम अनुसार संचालित तालिम, सेमिनार, गोष्ठी सम्पन्न भैसके पश्चात त्यस्तो कार्यक्रममा भएको खर्च, खरिद गरिएका मालसामानको विवरण तथा बिल, भरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रममा लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस आर्थिक वर्षमा विभिन्न फर्म तथा कर्मचारीहरुबाट विभिन्न २४ वटा तालिम कार्यक्रम सञ्चालन गरी रू. १,०४६,५१०।० खर्च लेखेको छ। कतिपय तालिम तथा कार्यक्रमको लागत अनुमान स्वीकृत नगराई सञ्चालन गर्ने गरेको छ। त्यसैगरी तालिम तथा कार्यक्रमको प्रभावकारीता सम्बन्धमा अध्ययन अनुगमन समेत गरेको पाइएन। तसर्थ, पालिकाले यस्ता तालिम तथा कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम प्रभावकारीताको अध्ययन गरी आवश्यकताको आधारमा सञ्चालन गर्ने गर्नुपर्दछ।केही उदाहरणहरु यस प्रकार रहेका छन्।

| क्र.सं. | तालिम/कार्यक्रमको नाम | रकम(रु) |
|---|---|---|
| १. | अचार उत्पादन तालिम | २,६६,८८० |
| २. | नास्ता बनाउने तालिम | २,३३,१२० |
| ३. | आधारभुत कम्प्युटर तालिम | २,००,००० |
| ४. | ब्युटिसियन तालिम | १,९९,५०० |
| ५. | थारु हस्तकला सामाग्री उत्पादन (ढकिया) तालिम | २,४८,५०५ |
| ६. | नयाँ उद्यमी/व्यवसायी सृजना तथा विकासका लागि उद्यमशिलता तालिम | ५९,९९५ |
| ७. | लेहेङ्गा तालिम | ७५,००० |
| ८. | कुखुरापालन तालिम | १,००,००० |
| ९. | लैङ्गिक हिंसा तथा महिला पुरुष सम विकास (घरमुली तथा महिला) तालिम कार्यक्रम | ५०,००० |
| १०. | महिला बालबालिका तथा आपाङ्गता माथि हुने कुरिति न्यूनिकरण सम्बन्धी सचेतना कार्यक्रम | ३५,००० |
| ११. | कर्मचारी क्षमता अभिवृद्धि तालिम | ९९,००० |
| १२. | कोपोमिस तालिम | ५३,०६० |
| १३. | सहकारी शिक्षा तथा सहकारी ब्यबस्थापन तालिम | ६९,६४० |
| १४. | सहकारी लेखा तालिम | ९८,२३० |
| १५. | उपभोक्ता समितिका पदाधिकारीलाई तालिम | ९१,९०० |
| १६. | न्याय समिति पदाधिकारी तथा मेलमिलापकर्ताहरुलाई न्याय निरुपण तालिम | २,९९,९९२ |
| १७. | सिपमुलक तालिम कार्यक्रम | १,५०,००० |
| १८. | एकल महिलाका लागि होजियारी, पशुपालन आय आर्जन सिपमुलक तालिम | ४९,९५० |
| १९. | स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समिति क्षमता अभिबृद्धि तालिम | ५०,००० |
| २०. | भेदभाव उन्मुलन तथा सचेतना कार्यक्रम | ५०,००० |
| २१. | गर्भवती आमाहरुलाई पोषण सम्बन्धी अभिमुखिकरण | ९०,००० |
| २२. | IEMIS सम्वन्धी शिक्षक तथा कर्मचारीका लागि क्षमता विकास कार्यक्रम | ७९,८१० |
| २३. | IT स्रोत शिक्षकका लागि सूचना प्रविधि सम्बन्धी क्षमता विकास कार्यक्रम | ९४,९२५ |
| २४. | तरकारी खेती सम्बन्धी घुम्ती तालिम | १,००,००० |
| **जम्मा** | | **१,०४६,५१०** |

४८ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।पालिकाले कार्यपालिकाको निर्णय गराई ४ जना कर्मचारी लाई ७ महिनाको मासिक तलबको ३० प्रतिशतले हुन आउने रकम रु. ३ लाख प्रोत्साहन भत्ता भुक्तानी दिएको छ। पालिकाले कर्मचारी प्रोत्साहन भत्ताको मापदण्ड तथा कार्यविधि तयार नगरेको र अतिरिक्त समयमा कार्य गरेको पुष्ट्याँईं हुने विवरण तथा विद्युतिय हाजिरी समेत संलग्न राखेको देखिदैन।पालिकाले प्रोत्साहन भत्ता भुक्तानी गर्दा कार्यविधि तथा मापदण्ड कार्यसम्पादनका सुचक र विद्युतीय हाजिरीको प्रयोग गरी आन्तरिक आय समेतलाई बिचार गरी भुक्तानी गर्नुपर्दछ।

४९ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ। त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा खरिद योजना बनाउदा

खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। नमुना परिक्षणको क्रममा यो वर्ष पालिकाले निम्नानुसार रू.५२ लाख ९४ हजारको निर्माण कार्य सोझै खरिद गरिएको देखियो। सोझै खरिद हुदाँ लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले निर्माण कार्य मितव्ययी नभएको अवस्था छ। खरिदलाई सम्भावित प्याकेज बनाई प्रतिस्पर्धात्मक खरिद विधि अपनाउनु पर्दछ। सोझौ खरिदका केही नमुना देहाएबमोजिम छन।

| क्र.स | योजना को नाम | निर्माण व्यवसायी/ सप्लायर्स | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | वडा नं. स्थित अर्चना वावा धाम निर्माण | सलान निर्माण सेवा | ५,४५,४९१ | ५,००,००० |
| २ | सडक कालोपत्रे कार्य लालझाडी | बाशुलिङ्ग अनिल कन्स्ट्रक्सन प्रा.लि. | ७,५०,२७४ | ६,५६,९६८ |
| ३ | स्वतन्त्र माविमा गेट र आधारभूत स्वास्थ्य इकाई सिकलपट्टी जाई गेट/पर्खाल निर्माण | पदम कन्स्ट्रक्सन | ९,६९,४९५ | ८,२६,१११ |
| ४ | १० शैया अस्पताल अधुरो घेरपर्खाल सटर र थप कार्य र माटो पटान | शुभम कन्स्ट्रक्स्न | ४,७२,३४२ | ४,६३,४०३ |
| ५ | खर्रा नाला देखि झो.पु. सम्म दोदा ननी किनारामा माटो भरान तथा स्पर निर्माण | ब्रहमराहु निर्माण सेवा | ९,८०,७९७ | ९,५६,४३० |
| ६ | तनुकलाल घर देखि पूर्व बेथानी चर्च सम्म दोदा रिङ रोड कालोपत्रे | पवन निर्माण सेवा | ९,००,९९५ | ८,८२,२५५ |
| ७ | शंकरपुर स्वास्थ्य चौकी रंगरोगन | डेमन विल्डर्स | ३,१०,९९४ | ३,०१,४३४ |
| ८ | वर्थिङ्ग सेन्टर सम्बन्धी कार्य | आदित्य कन्स्ट्रक्सन | ४,७३,१२१ | ४,६४,३०७ |
| ९ | अधुरो अजयपाल माऊँ सडक निर्माण | शुभम कन्स्ट्रक्सन | २,५०,००० | २,४३,१२३ |
| जम्मा | | | ५६,५३,५०९ | ५२,९४,०३१ |

५० **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ।सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य भएमा सोहि अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायअनुसारका परामर्श सेवाखरिद गरी रु. ५४ लाख ७१ हजारखर्च लेखेको छ।पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुजी निर्माण हुने, मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा स्वीकृत बजेट कै आधारमा लागत अनुमान तयार गरी लागत अनुमान कै हाराहारीमा भुक्तानी दिने सम्झौता गरी खर्च गरेको छ।अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा जाने सुनिश्चितता हुनु पर्दछ।

| क्र.सं. | कामको विबरण | परामर्शदाता | कुल खर्च रू. |
|---|---|---|---|
| १ | नमुना वाटिकाको वृस्तीत परियोजना अध्ययन प्रतिवेद | जे.डि. ग्रुप अफ कम्पनिज | ४,९५,४०० |
| २ | पालिका तथा स्वास्थ्य संस्थाको सामाजिक परिक्षण वापत | जि.एस. टेक्निकल इन्स्ट्यूट प्रा.लि. | ४,९९,८९५ |
| ३ | मध्यमकालिन खर्च संरचना | रुद्रकाली कन्सल्ट प्रा.लि. | ३,९४,३७० |
| ४ | आन्तरिक नियन्त्रण प्रणालीको तयारी | खम्रड रिसर्च एण्ड डेभलपमेण्ट प्रा.लि. | ३,९४,३७० |
| ५ | पालिकाको डिजिटल प्रोफायल तयारी | बि एल एस ग्रुप कम्पनी प्रा.लि. | ९,९९,४२८ |
| ६ | Detailed Survey, soil investigation and Design of Bridge at Bannala of Laljhadi 1, nauranga | Shining Axis consultant Pvt. Ltd. | ९,९४,४०० |
| ७ | Consulting service for Detailed Engineering work, site survey, Architectural and structural Design, Drawing and cost Estimate of Baijnath Secondary school and Rastiya Basic School four room Building | B and B Engineering service | ४,९८,३३० |
| ८ | Preparation of Detail Project Report (DPR) of Administrative Office at ward No 2, Lalajhadi Rural Municipality | Paradigm Engineering Consultancy Pvt. Ltd. | ६,९८,००० |
| ९ | Preparation of IEE Report for collection and Extraction of River Bed Material from Doda River Banks | P.S. design and Construction Pvt.Ltd. | ४,९७,२०० |
| जम्मा | | | ५४,७१,३९३ |

५१ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट प्रमाणिकरण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले हालसम्म विभिन्न ७ प्रकारका सफ्टवेयर खरिदमा रू. ३३,११,४००।०० र वार्षिक मर्मत सम्भार खर्चमा रू. २,२३,७४०।०० खर्च गर्ने गरेको छ।खरिद गरी प्रयोगमा रहेका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट प्रमाणित गरेको देखिएन। कार्यालयले सफ्वेयर सम्बन्धित निकायबाट प्रमाणिकरण गरी प्रयोग गर्नुपर्दछ।

| सि न | सफ्टवयरको नाम | खरिब वर्ष | खरिद रकम | वार्षिक सञ्चालन खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | ई हाजिरी प्रणाली | २०७७ | २,८२,५०० | ५६,५०० | सञ्चालनमा रहेको |
| २ | अपाङ्गता परिचय पत्र व्यवस्थापन प्रणाली | २०७८ | ४,९८,१०० | ६७,८०० | सञ्चालनमा रहेको |
| ३ | न्याय प्रणाली व्यवस्थापन | २०८० | ३,५०,००० | - | सञ्चालनमा नरहेको |
| ४ | ई सिफारिस | २०८० | २,६३,५०० | - | सञ्चालनमा नरहेको |
| ५ | व्यवसायी दर्ता प्रणाली | २०७८ | ३,३९,००० | ९९,४४० | सञ्चालनमा रहेको |
| ६ | राजस्व तथा आय लेखा सम्बन्धि प्रणाली | २०७७ | ४,९८,३०० | - | सञ्चालनमा नरहेको |
| ७ | विद्युतिय स्वास्थ्य सेवा रेकडिङ्ग तथा रिपोर्टिङ |  | १०,८०,००० | - | सञ्चालनमा रहेको |
| **जम्मा** | | | **३३,११,४००** | **२,२३,७४०** | |

पालिकाले खरिद गरेका उल्लिखित सफ्टवेयर मध्ये न्याय प्रणाली व्यवस्थापन, ई सिफारिस र राजस्व तथा आय लेखा सम्बन्धि प्रणाली प्रयोगमा ल्याएको छैन। स्थानीय तहको संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मार्फत राजस्व तथा आय लेखा व्यवस्थापनको कार्य सञ्चालन भएको हुँदा राजस्व तथा आय लेखा सम्बन्धि प्रणालीको प्रयोग नभएको भन्ने पालिकाको भनाई रहेको छ। यसरी खरिद गरी प्रयोगमा नआएका सफ्टवेयर खरिदमा संलग्न पदाधिकारीलाई जिम्मेवारी बनाई खरिद गरेका सफ्टवेयर प्रयोगमा ल्याएको प्रमाण पेश गर्नुपर्दछ। रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,१३,५०० |

५२ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्प्रर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा २.४ देखि ५३.९१ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण तथा आपूर्ती सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा न्यून लागतमा कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। गत र यस वर्ष बन्दोबस्ती भएका ठेक्काको विवरण निम्नानुसार छ।

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | लागत अनुमान रकम (मूअ कर र पिएस बाहेक) | सम्झौता रकम (मूअ कर बाहेक) | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| LAL/W/NCB/2079-80/06 | वडा नं. २ मा रिङ् रोड निर्माण | रुद्रवती सतिसावित्री प्रेम डेभलपर्स जे.भि. | ७,७२,७५,८७७ | ५,८५,०३,७३४ | २४.२९ |
| LAL/W/NCB/2080-81/06 | आयर्वेदिक डिपेन्सरी भवन निर्माण | सेती भुवन जे.भि. | २,६१,३६,४७० | १,७९,५५,९२६ | ३१.३० |
| LAL/W/NCB/2081-82/01 | सिगलपट्टी र दङ्गजइ सडक कालोपत्रे लालझाडी ४ | पवन निर्माण सेवा | ८७,३८,८९५ | ५२,१३,६१८ | ४०.३४ |
| LAL/W/NCB/2081-82/03 | मोटरघाट रोड कालोपत्रे लालझाडी ४ | पवन निर्माण सेवा | ८६,६९,५०० | ५४,२१,२१३ | ३७.४७ |
| LAL/W/NCB/2081-82/04 | लालझाडी वडा नं. ६ को सडक स्तरोन्नती | पवन निर्माण सेवा | १८,८५,४६२ | १८,४०,२७५ | २.४० |
| LAL/W/NCB/2081-82/02 | लालझाडी १ मा पार्क निर्माण | गोरिल निर्माण सेवा | ७६,३९,९०२ | ४७,२३,१७६ | ३८.१८ |
| LAL/W/NCB/2081-82/01 | मेष फेनसिङ् वायर खरिद | बाल्ट्रा पेट्रोकेमेकल प्रा.लि. | ३४,१७,१८७ | १७,७९,७५० | ५३.९१ |
| LAL/W/NCB/2080-81/07 | सिड्नी नाला लालझाडी २ मा स्ल्याब कल्भर्ट निर्माण | न्यू वाशुलिङ्ग निर्माण सेवा | ४१,२२,३१६ | २७,३८,३४८ | ३३.५७ |
| LAL/W/SQ/2081-82/01 | अस्पताल भवनको सटर र वाल निर्माण कार्य | शुभम कन्स्ट्रक्नस | १३,०२,१०१ | ८,८४,०९९ | ३२.१० |
| LAL/G/SQ/2081-82/01 | मेष वायर आपूर्ती कार्य | डि एण्ड डि टेड्र कन्सर्न | १७,३१,३७५ | १०,२६,००० | ४०.७४ |

## ५३ प्राइम कोट

सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300– BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ 13-15 मा प्राईम कोट प्रति वर्ग मिटर औसत ०.९ देखि १.२ लिटरसम्म हुने उल्लेख छ। पालिकाले निम्न सडक कालोपत्रे कार्यमा प्राईम कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा भुक्तानी दिएकोले बढी भुक्तानी भएकोले बढी भुक्तानी रकम सम्बन्धितबाट असुल हुनुपर्दछ।रू.

| योजना | निर्माण व्यावसायी | प्राइम कोटको क्षेत्रफल | नमर्स अनुसार अधिकतम प्रति व.मि. १.२ लि. को दरमा | भुक्तानी भएको (लि.) | दर | बढी भुक्तानी मू अ कर सहित |
|---|---|---|---|---|---|---|
| प्रकाश मण्डलि चर्च मार्ग वडा नं. ५, खेल मैदान देखि नन्द चोक सडक वडा नं. ५ र मिलन मार्ग वडा नं. ४ सडक स्तरोन्नती | गोरील निर्माण सेवा | ३८६६ | ४६३९ | ४७८७.५० | १४० | २३,४६१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,४६१ |

## ५४ ट्र्याक कोट

सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300–BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ 13-15 मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले निम्न सडक कालोपत्रे कार्यमा ट्र्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा भुक्तानी दिएकोले बढी भुक्तानी भएकोले बढी भुक्तानी रकम सम्बन्धितबाट असुल हुनुपर्दछ।रू.

| **योजना** | **निर्माण व्यावसायी** | **ट्र्याक कोटको क्षेत्रफल** | **नमर्स अनुसार अधिकतम प्रति व.मि. ०.६ लि. को दरमा** | **भुक्तानी भएको(लि.)** | **दर** | **बढी भुक्तानी मू अ कर सहित** |
|---|---|---|---|---|---|---|
| सिगलपट्टी र दङ्गजइ सडक कालोपत्रे लालझाडी ४ | पवन निर्माण सेवा | ३३६० | २०१६ | ३३६० | ११५ | १,७४,६५३ |
| मोटरघाट देखि डाडाजाई सम्म सडक निर्माण कार्य | दाउत निर्माण सेवा | ४६९३ | २८१६ | ४५५० | ८० | १,३८,७२० |
| मोटरघाट देखि डाडाजाई सम्म सडक वडा नं. ४ निर्माण कार्य | महादेव समैजी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | १८१६ | १०९० | १८१६ | ६० | ४८,५४५ |
| प्रकाश मण्डलि चर्च मार्ग वडा नं. ५, खेल मैदान देखि नन्द चोक सडक वडा नं. ५ र मिलन मार्ग वडा नं. ४ सडक स्तरोन्नती | गोरील निर्माण सेवा | ३८६६ | २३२० | ४७८७.५० | १४० | ३,९०,३५९ |
| | | | | | **जम्मा** | **७,५२,२७७** |

| असुल गर्नुपर्ने | ७,५२,२७७ |
|---|---|

५५ **चन्देव देखि लालझाडी गाउँपालिका कार्यालय सम्म सडक निर्माण कार्य**

पालिका र के.यस. वाशुलिङ्ग अनिल तेज जे.भि. विच ठेक्का नं.LAL/W/NCB/05/2078-79 अन्तर्गत चन्देव देखि लालझाडी गाउँपालिका कार्यालय सम्म सडक निर्माण कार्यको लागि मिति २०७८।११।२५ मा रू. ५,३८,९२,७१०।०० (मू.अ.कर र पिएस सहित) मिति २०८०।३।१५ भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छन।

५५.१ **अधुरो ठेक्का** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ सम्झौता कार्यान्वयन, १२१ मा तोकिएको अवधिमा कार्य सम्पन्न नभएको अवस्थामा हुने पुर्व निर्धारित क्षतिपुर्ति तथा नियम १२७ मा सुविस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्न सकिने लगायतको व्यवस्था छ। निर्माण कार्य तोकिएको समय भित्र सम्पन्न हुन नसकेमा कार्यपालिकाले मिति २०८१।८।३० भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता म्याद हप गरेकोमालेखापरीक्षणको अवधि सम्म निर्माण कार्य अघि बढ्न सकेको देखिदैन भनेसम्झौताको म्याद थप समेत भएको छैन। साथै आयोजनाको हालसम्मको वित्तीय प्रगति ३५ प्रतिशत मात्र रहेको छ। निर्माण कार्य तोकिएको समयमा सम्पन्न नहुनाले प्रतिफलमा विलम्व हुनुका साथै हालसम्मको लगानी समेत खेर जाने जोखिम रहन्छ। अत: अधुरो निर्माण कार्यको नियमानुसार ठेक्का व्यवस्थापन गर्न पर्दछ।

५५.२ **पेश्की जोखिम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) मा पेश्की दिँदा निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट पेश्की रकम खाम्ने गरी निजबाट पेश्की जमानत लिई पेश्की दिनुपर्ने व्यवस्था छ। त्यस्तै गरी ११३(४) मा पेश्की जमानतको मान्य अवधि पेश्की फर्स्यौट गर्नुपर्ने अवधि भन्दा कम्तिमा १ महिनाको हुनुपर्ने व्यवस्था छ। चन्देव देखि लालझाडी गाउँपालिका कार्यालय सम्म सडक निर्माण कार्यको लागि पालिकाले निर्माण व्यवसायी श्री के.यस. वाशुलिङ्ग अनिल तेज जे.भि.लाई उपलब्ध गराएको

पेश्कीरू. ९०,००,०००।०० मध्ये बाँकी रकम रू. ६३,००,०००।०० हालसम्म पनि असुल फर्स्यौट भएको छैन। निर्माण कार्यको हालसम्मको वित्तीय प्रगति न्यून रहेको, सम्झौताकोम्याद थप समेत नभएको साथै पेश्की जमानतको समेत म्याद समाप्त भैसकेको अवस्थामा निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की जोखिममा पर्ने देखिएको हुँदा नियमावली अनुसार पेश्की असुल फर्स्यौट गर्नुपर्दछ। रु.

| | |
|---|---|
| पेश्की | ६३,००,००० |

५६ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलव्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले गत वर्ष र यसवर्ष पेश्कीको रुपमा भुक्तानी भएको निम्नानुसार रकम आर्थिक वर्षको अन्त्य सम्म फर्स्यौट नभएकोले नियमानुसार पेश्की फर्स्यौट हुनु पर्दछ।रू.

| क्र स | पेश्कीको प्रकार/ पेश्की प्राप्त गर्नेको नाम | म्याद नाघेको पेश्की | | म्याद ननाघेको पेश्की | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | यस आव | गत आव | यस आव | गत आव | |
| निर्माण व्यवसायी पेश्की | | | | | | |
| १ | के.एस. बाशुलिङ्ग अनिल तेज जे.भी. | ० | ६३,००,००० | ० | ० | ६३,००,००० |
| २ | कालिजेल निर्माण सेवा | ० | ० | ० | ३,४२,७०४ | ३,४२,७०४ |
| ३ | महाकाली कन्सट्रक्सन कम्पनी | ० | ० | ० | ५,५०,००० | ५,५०,००० |
| ४ | सेती । भुवन जे.भि | ० | ० | ० | १५,१२,००० | १५,१२,००० |
| जम्मा | | ० | ६३,००,००० | ० | २४,०४,७०४ | ८७,०४,७०४ |
| संस्थागत पेश्की | | | | | | |
| १ | एनईए बेलौरी वितरण केन्द्र | ० | ० | ० | २०,४७,२५० | २०,४७,२५० |
| २ | श्री शारदा राष्ट्रिय माबि | ४५,२५,१७९ | ० | ० | ० | ४५,२५,१७९ |
| ३ | श्री पूर्णिमा आधारभूत विद्यालय | ० | १०,१०,८२० | ० | ० | १०,१०,८२० |
| जम्मा | | ४५,२५,१७९ | १०,१०,८२० | ० | २०,४७,२५० | ७५,८३,२४९ |
| कर्मचारी पेश्की | | | | | | |
| १ | पुर्ण बहादुर पाण्डेय | ६,००,००० | ० | ० | ० | ६,००,००० |
| जम्मा | | ६,००,००० | ० | ० | ० | ० |
| कुल जम्मा | | ५१,२५,१७९ | ७३,१०,८२० | ० | ४४,५१,९५४ | १,६८,८७,९५३ |

| | |
|---|---|
| पेश्की | ५१,२५,१७९ |

५७ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा अन्य कुनै प्रकारबाट प्राप्त भएको जिन्सी मालसामानको विवरण मूल्य खुलाई जिन्सी किताबमा दाखिला गर्नुपर्ने व्यवस्था छ। सिड्नी नाला लालझाडी २ मा स्ल्याब कल्भर्ट निर्माण कार्यको पिएस आइटम बापत न्यू वाशुलिङ्ग निर्माण सेवाले रू. १,८१,४९५।०० मा खरिद गरी पालिकामा हस्तान्तरण गरेको Lenovo i7 ल्यापटप पालिकाको मूल जिन्सी खातामा दाखिला नगरेकोले दाखिला प्रमाण पेश गर्नुपर्दछ। रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८१,४९५ |

५८ **वडा नं. २ रिङ्ग रोड निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दा बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सिर्जना भएमा सार्वजनिक निकायले भेरियशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। पालिकाले ठेक्का नं. (LAL/W/NCB/079-80/6)वडा नं. २ मा रिङ्ग रोड निर्माणकोलागि मिति २०८०।२।१७मा रू. ६,८८,१२,७१९।०० मा मिति २०८१।१२।६ भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा मिति २०८१।१।२६ मा कार्यपालिकाको निर्णयानुसार सुरु लागत अनुमानको १०.१८ प्रतिशत र सुरु सम्झौताको ११.५५ प्रतिशतले हुन आउने रू. ८६,२९,५६६।०० वृद्धि गरी भेरियसन आदेश जारी गरी रकम भुक्तानी गरेको छ। पालिकाले भेरियसन आदेश जारी गरि निर्माण व्यवसायीसँग सम्झौता गरि केहि आइटममा नयाँ दर निर्धारण गरि ठेक्का फरफारक गरेको देखिन्छ। निम्न आइटममा ठेक्काको शुरु सम्झौतामा कायम दर भन्दा भेरियसन पश्चात नयाँ दर निर्धारिण गरि भुक्तानी गर्दा रू. ३५,८३,१६७।०० व्ययभार थप हुन गएको देखिन्छ। यसरी लागत अनुमान यथार्थ र वास्तविक नहुँदा भेरियसन आदेश जारी गरि पालिकालाई थप व्ययभार पर्न गएको देखिन्छ। पालिकाले लागत अनुमान यथार्थपकर र वास्तविक बनाउने तर्फ ध्यान दिनुपर्दछ।

| क्र.सं. | आइटम | इकाई | शुरु लागत दर | सम्झौता दर | सम्झौताको परिमाण | भेरियसन पश्चातको परिमाण | सम्झौता परिमाणको २५ प्रतिशत वृद्धि हुदाँ हुने परिमाण | भुक्तानी भएको परिमाण | सम्झौताबाट कायम दर | नयाँदरमा भुक्तानी भएको परिमाण | नयाँदर र शुरु सम्झौता दरमा भएको बढ रकम | नयाँदरमा भुक्तनी हुदा सुरु सम्झौता भन्दा बढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Structure foundation excavation | Cum | 133 | 100 | 1370 | 2992 | 1712 | 2992 | 120 | 1280 | 20 | 25592 |
| 2 | Backfilling | Cum | 431 | 300 | 491 | 1299 | 614 | 1241 | 370 | 627 | 70 | 43909 |
| 3 | Random rubble stone masonry 1:4 | Cum | 9858 | 6500 | 785 | 2342 | 981 | 2342 | 8500 | 1361 | 2000 | 2722880 |
| 4 | Hand packed stone solling | Cum | 3304 | 2000 | 40 | 461 | 50 | 461 | 2800 | 411 | 800 | 328690 |
| 5 | Mechanically woven double twisted Gabin Works | Cum | 3977 | 3500 | 263 | 659 | 328 | 468 | 3800 | 139 | 300 | 41813 |
| 6 | Geo-Textile filter | Sqm | 147 | 100 | 126 | 561 | 158 | 561 | 120 | 403 | 20 | 8061 |
| | | | | | | | | | | | जम्मा | **31,70,944** |
| | | | | | | | | | | | मू. अ. कर सहित | **35,83,167** |

५९ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा अन्य कुनै प्रकारबाट प्राप्त भएको जिन्सी मालसामानको विवरण मूल्य खुलाई जिन्सी किताबमा दाखिला गर्नुपर्ने व्यवस्था छ। वडा नं. २ को रिङ् रोड निर्माण कार्यको पिएस आइटम वापत रुद्धवति सतिसावित्री प्रेम डेभलपर्स जे. भि.ले खरिद गरी पालिकामा हस्तान्तरण गरेको रू. ५ लाखको सुरक्षामा सामाग्री र रू. १८,०८,०००।०० को ल्याब सामाग्री पालिकाको मूल जिन्सी खातामा दाखिला नगरेकोले दाखिला प्रमाण पेश गर्नुपर्दछ। रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,०८,००० |

६० **विद्युत पोल खरिद**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **९१४,३०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६१ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

६२ **रकमको भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रू. २० हजार भन्दा बढीको खरिद गर्नु पर्दा मु अ कर मा दर्ता भएको र सो भन्दा कमको हकमा स्थायी लेखा नम्बर प्राप्त व्यक्ति फर्म संस्था वा कम्पनिहरुबाट मात्र खरिद हुने व्यवस्था गरिएको छ। सार्वजनिक निकायको परिभाषामा सरकारको अनुदान वा ऋणबाट संचालित संस्था समेतलाई जनाएको अवस्थामा पालिकाको बजेट कार्यान्वयन गर्ने तथा अनुदान बाट संचालित उपभोक्ता समितिहरु समेत सार्वजनिक निकाय हुने भएकोले उल्लिखित दुबै नियमावली उपभोक्ता समितिलाई समेत लागु हुने देखिन्छ। यो वर्ष पालिकालाई उपभोक्ता समितिहरुले पेश गरेका खर्चका प्रमाण परीक्षण गर्दा व्यावसायिक रुपमा संचालनमा रहेका डोजर/ टिप्पर धनिहरुले स्थायी लेखा नम्बर समेत नलिएको र विल विजक समेत जारी नगरी भरपाई मात्रै गर्ने गरेको देखिन्छ। जसले गर्दा उक्त भरपाईलाई खर्चको यथार्थ प्रमाणको रुपमा ग्रहण गर्न कानूनी अस्पष्टता रहेको देखिन्छ। तसर्थ व्यावसायिक कारोवार गर्ने उद्देश्यले खरिद गरी सोही अनुसार प्रयोग गर्ने डोजर तथा टिप्पर व्यवसायीलाई विधिवत रुपमा दर्ता गराई कारोवार गर्न पालिकाले भुमिका खेल्नु पर्दछ।

६३ **उपभोक्ता समिति मार्फत कार्य**

सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यवस्थाको बुँदा नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट, फोटो र दृष्य सामग्री संलग्न गर्नु पर्नेमा नगरेको, साथै उपभोक्ता समितिले विभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संलग्न गरेमा कामको विश्वसनियता वृद्धि गर्न थप गर्न सहयोग पुर्‍याउनेउल्लेख छ। पालिकाले १५ प्रतिशत उपभोक्ता समितिको लागत सहभागिता रहने गरी योजनाको सम्झौता तथा भुक्तानी गरेको छ। पालिकाले नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

६४ **एम्बुलेन्स खरिद**

बेलौरी नगरपालिका, कंचनपुरको ६५ प्रतिशत र लालझाडी गाउँपालिकाको ३५ प्रतिशत लागत सहभागितामा रहने गरी दमकल खरिदको लागि दुई पालिकाबिच सम्झौता भई बेलौरी नगरपालिकामा रहेको दमकल खरिद कोषमा पालिकाले रू. १० लाख रकम ट्रान्सफर गरेकोमा लेखापरीक्षणको अवधिसम्म दमकल खरिद भएको देखिएन। अत: आगलागिबाट हुन सक्ने सम्भावित जोखिमको लागि तयारी अवस्थामा रहन पालिकाले दमकल खरिद प्रकृया अघि बढाउनु पर्दछ।

६५ **ल्याव व्यवस्थापन अनुदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा वास्तविक कार्य सम्पदानको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वन कार्यविधि, २०८१/८२ को २.३.८ क्रियाकलाप नं. ११.१.२.२९८० (८.५) प्राविधिक धार तर्फ सिभिल इन्जिनियरिङ अध्यापन अनुदान प्राप्त गर्न स्वीकृत विद्यालयलाई ल्याव व्यवस्थापनको लागि रू. ५० लाख एकमुष्ठ उपलब्ध गराउने व्यवस्था छ। अनुदान प्राप्त विद्यालयले ल्यावका सामग्री खरिद गर्दा विद्यालयको आवश्यकताको आधारमा सूची तयार गरी सार्वजनिक खरिद ऐन तथा नियामावली बमोजिम खरिद गर्नुपर्ने उल्लेख छ। पालिकामा सिभिल इन्जिनियरिङ अध्यापनको लागि अनुमति प्राप्त प्राविधिक धार तर्फको विद्यालय श्री भानु माध्यामिक विद्यालयलाई ल्याब सामाग्री खरिदको लागि गो.भौ.नं. ५२(२०८२।३।२३) बाट रू. ५० लाख रकम पेश्की निकासा भएकोमा कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम सुचिकृत ल्याब सामाग्रीको विवरण पेश गरेको छैन भने आर्थिक वर्षको अन्त्य सम्म पेश्की वापत भुक्तानी भएको रकम फर्स्यौट नभएको तथा ल्याब सामाग्री खरिद भएको नदेखिएकोले तोकिएबमोजिम ल्याब सामाग्री खरिद गरि पेश्की फर्स्यौट गर्नुपर्दछ।रू.

| | |
|---|---|
| पेश्की | ५०,००,००० |

६६ **शिक्षा तथा विद्यालय अनुदान व्यवस्थापन**

शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ अनुसार शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि संघीय सशर्त चालु अनुदान अन्तर्गत प्राप्त बजेट कार्यन्वयन गर्ने मार्गदर्शन उल्लेख छ । पालिकाले यस बर्ष शिक्षा तथा विद्यालय अनुदान व्यवस्थापनका लागी संघीय सशर्त चालु अनुदानबाट देहायबमोजिमको रु. ८,११,२८,६०४.५६ खर्च गरेको छ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च रु. |
|---|---|---|
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | ४३१००५१९ |
| २ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | ६९९३९३४ |
| ३ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मुल्याङ्कन शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ९४६२१२ |
| ४ | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय वैकल्पिक विद्यालय साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | ९९२००० |
| ५ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १६४२५४९ |
| ६ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | ९५४९५० |
| ७ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | २२९५५६४.५६ |
| ८ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १०६३००० |
| ९ | विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन | ३९८८५७ |
| १० | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ४९०५०९० |
| ११ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ६३१८६३६ |
| १२ | आधारमुत तह कक्षा (६-८) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ३२०३६७० |
| १३ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीप्राविधिक धारका प्रशिक्षक समेत) | ५७०६२४१ |
| १४ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | ३४५००० |
| १५ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | १०८६३८२ |
| १६ | विपन्न लक्षित लागि छात्रबृत्ति | ११७६००० |
| | कुल जम्मा | ८११२८६०४.५६ |

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

६६.१ **शिक्षक दरवन्दी र पदपूर्ति तथा विद्यार्थी अनुपात** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिका अन्तर्गत विभिन्न तहका १६ सामुदायिक विद्यालयमा ८८ शिक्षक दरवन्दी रहेकोमा संघीय अनुदान तथा पालिकाले करारमा नियुक्त सहित ११७ शिक्षकको पदपूर्ति रहेको छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। पालिकाका स्थित सामुदायिक विद्यालयमा ECD बाहेकका ३३८१ विद्यार्थी अध्ययनरत रहेको EMIS को तथ्याङ्कमा देखिन्छ। पालिकाले न्यून विद्यार्थी भएका विद्यालय अन्य विद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

| सि.नं. | विद्यालयको नाम | स्वीकृत दरबन्दी | | | | पदपुर्ति | | | | | | विद्यार्थी | अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | जम्मा | स्थायी | राहत | करार | अनुदान | गापा शिक्षक | जम्मा | | |
| १ | श्री भानु मा वि कञ्ज | ९ | ४ | २ | १५ | ७ | ४ | २ | ० | १ | १४ | ४४४ | ३२:१ |
| २ | श्री सरस्वती मा वि छोटीपर्सिया | ५ | ७ | ० | १२ | ५ | ७ | ० | ० | १ | १३ | ३८० | २९:१ |
| ३ | श्री शारदा राष्ट्रीय मा वि नौरंगा | ३ | ४ | १ | ८ | ३ | ४ | १ | २ | १ | ११ | ५५१ | ५०:१ |
| ४ | श्री स्वतन्त्र मा वि पर्सिया | ६ | १ | ० | ७ | ६ | १ | ० | ३ | ० | १० | १५६ | १६:१ |
| ५ | श्री सिद्धबैजनाथ आ वि छोटोभाकल | ३ | ० | ० | ३ | ३ | ० | ० | १ | ० | ४ | १३३ | ३३:१ |
| ६ | श्री  शिवशंकर आ वि कस्वा | ० | २ | ० | २ | ० | २ | ० | ० | ० | २ | ५० | २५:१ |
| ७ | श्री नवोदय आ वि डाँडाविचवा | ० | ३ | ० | ३ | ० | ३ | ० | ० | २ | ५ | ८८ | १८:१ |
| ८ | श्री शंकर आ वि नन्दगाँउ | १ | २ | ० | ३ | १ | २ | ० | ० | ० | ३ | ३२ | ११:१ |
| ९ | श्री पूर्णीमा आ वि वल्मी | ३ | २ | ० | ५ | ३ | २ | ० | १ | १ | ७ | ९६ | १४:१ |
| १० | श्री रामेश्वर मा वि चानदेव | ० | ५ | ० | ५ | ० | ५ | ० | ४ | २ | ११ | ३३३ | ३०:१ |
| ११ | श्री बैजनाथ बहुभाषिक आ वि डाँडाजाई | १ | १ | १ | ३ | १ | १ | १ | १ | ० | ४ | १५१ | ३८:१ |
| १२ | श्री दुर्गा राष्ट्रिय आ वि विनवारी | २ | ३ | ० | ५ | २ | ३ | ० | १ | १ | ७ | १८२ | २६:१ |
| १३ | श्री बैजनाथ मा वि सिकलपट्टी | ३ | १ | ० | ४ | ३ | १ | ० | ४ | १ | ९ | ३४९ | ३९:१ |
| १४ | श्री जनचेतना आ वि जाइँजाला | ० | २ | ० | २ | ० | २ | ० | ० | १ | ३ | १५० | ५०:१ |
| १५ | श्री राष्ट्रीय बहुभाषिक आ वि देखतभुली | ४ | ३ | ० | ७ | ४ | ३ | ० | १ | ० | ८ | १८२ | २३:१ |
| १६ | श्री बैजनाथ बालज्योती आ वि वाणी | २ | २ | ० | ४ | २ | २ | ० | १ | १ | ६ | १०४ | १७:१ |
| | जम्मा | ४२ | ४२ | ४ | ८८ | ४० | ४२ | ४ | १९ | १२ | ११७ | ३३८१ | २९:१ |

६६.२ **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

६६.३

**IEMIS अद्यावधिक** - शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को बुँदा नं. ५ मा स्थानीय तहका लागि निर्धारण हुने अनुदान विद्यालयबाट गरिने शैक्षिक तथ्याङ्क शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मा आधारित हुने र विद्यालयले तथ्याङ्क नभरेका/अद्यावधिक नगरेका कारणबाट स्थानिय तहले पाउने अनुदानमा फरक पर्न जाने भएकाले आफ्नो मातहतका सबै सामुदायिक तथा संस्थागत विद्यालयलाई EMIS अनिवार्य रूपले भर्न/अद्यावधिक गर्न लगाउने र स्थानीय तहले विद्यालयबाट अद्यावधिक गरिएको शैक्षिक शत्र २०८१ को तथ्याङ्कको सत्यापन गर्ने र सत्यापन भएको तथ्याङ्कका आधारमा अनुदान निकासा दिनुपर्ने उल्लेख छ । पालिका भित्र रहेका अधिकांश विद्यालयको IEMIS विवरण अद्यावधिक रहेको देखिएन। यसरी विद्यार्थीको संख्यात्मक विवरण अद्यावधिक राख्न तयार गरीएको प्रणालीमा विवरण अद्यावधिक गराई सोही बमोजिम निकासा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

६६.४ **गाउँपालिका करार शिक्षक पारीश्रमिक** - शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वयन कार्यविधिको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ। पालिकाले उल्लेख गरेको व्यवस्था अनुसार दरबन्दी स्वीकृत नगरी १२ शिक्षक करारमा नियुक्त गरी यो वर्ष समानीकरण अनुदान/राजस्व बाँडफाट स्रोतबाट रू २५,५६,३३३,।०० तलब भत्ता भुक्तानी गरेको देखियो। कार्यबोझ, पालिकाको आफ्नो आयको आकार र विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातका आधारमा सर्वेक्षण गरेर मात्र शिक्षकको दरबन्दी सिर्जना गरी शिक्षकको तलव खर्च लेख्नुपर्दछ।

६६.५ **उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई प्रोत्साहन अनुदान** - कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकालाप नं. २.७.१३.१३(९.२) अनुसार तोकिएको सुचकाङ्कका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई सिकाई सुदृढिकरणका उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख अनुदान दिने तथा विद्यालयले प्राप्त अनुदान व्यावस्थापन समितिको निर्णयअनुसार खर्च गर्ने, विद्यालयले सम्पादित कार्यको आवधिक प्रतिवेदन पालिकामा गर्नुपर्ने र पालिकाले प्रस्ताव अनुसार अनुदान रकमको उपयोगको अवस्थाका सम्बन्धमा नियमित अनुगमन गर्ने उल्लेख छ। पालिकाले यसवर्ष भानु माध्यमिक विद्यालयलाई रु ३ लाख र सरस्वती माध्यमिक विद्यालयलाई रु. २ लाख कूल ५ लाख अनुदान दिएको छ । पालिकाले उल्लेखित व्यवस्थाअनुसार अनुगमन गरी अनुदानको उपयोग सुनिश्चित गर्नुपर्दछ ।

६६.६ **छात्रवृत्ति** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप न. २.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुकोलागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ। त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोही आधारमा विद्यालयहरुलाई रकम निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले पालिकाका सामुदायिक विद्यालयलाई EMIS को तथ्याङ्कका आधारमा १६ विद्यालयमा आवासिय तथा गैर आवासिय छात्र वृत्ति रु. ३,४५,०००।०० निकाशा गरेकोमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको छैन । पालिकाले सत्यापन गरी रकम निकासा गर्नुपर्दछ।

६६.७ **छात्रवृत्ति वितरण भरपाई पेश नभएको** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप न. २.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुकोलागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ। पालिकाले श्री बैजनाथ बहुभाषिक आ वि, लालझाडी ४ डाँडा जाई विद्यालयलाई निकाशा गरेको

मध्ये रु. २३,२००।०० र श्री जनचेतना आ वि, लालझाडी ४ जाँईजाला विद्यालयलाई निकासा मध्ये रु. ३२००।०० छात्रवृत्ति रकमको वितरण भरपाई पेश गरेको नदेखिएकाले वितरणको भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,४०० |

६६.८ **छात्रवृत्ति वितरण सार्वजनिकिकरण -** नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

६६.९ **निशुल्क पाठ्यपुस्तक -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप न. २.४.६.२ मा सार्वजनिक विद्यालयका कक्षा १ देखी १२ सम्मका विद्यार्थीकालागि नि:शुल्क पाठ्यपुस्तक अनुदान दिने र अनुदानबमोजिम विद्यालयले पाठ्यपुस्तक विद्यार्थिलाई वितरण गरेको पालिकामा पेश गर्ने उल्लेख छ। पालिकाले यो वर्ष २२ विद्यालयका कक्षा १ देखी १२ सम्मका विद्यार्थीहरुलाई समेत रु. २२,९५,५६४।०० निकासा गरेको छ। विद्यार्थीलाई पाठ्यपुस्तक समयमा पुगे नपुगेको तथा प्राप्त गरेको सुनिश्चित हुनुपर्दछ ।

६६.१० **निशुल्क पाठ्यपुस्तक वितरण -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप न. २.४.६.२ मा सार्वजनिक विद्यालयका कक्षा १ देखी १२ सम्मका विद्यार्थीकालागि नि:शुल्क पाठ्यपुस्तक अनुदान दिने र अनुदानबमोजिम विद्यालयले पाठ्यपुस्तक विद्यार्थिलाई वितरण गरेको पालिकामा पेश गर्ने उल्लेख छ। पालिकाले यो वर्ष १६ विद्यालयका कक्षा १ देखी १२ सम्मका विद्यार्थीहरुलाई स्थानीय पाठ्यपुस्तकको समेत निकासा भएको मध्ये देहायका विद्यालयले निकासा गरेको पाठ्यपुस्तक वितरण गरेको भरपाई पेश गरेको नदेखिएकोले पाठ्यपुस्तक खरिद बिल तथा वितरणको भरपाई पेश गर्नुपर्ने रु.

| सि. नं | विद्यालय | निकाशा रु. | पाठ्यपुस्तक वितरण भरपाई | |
|---|---|---|---|---|
| | | | पेश भएको रु. | पेश नभएको रु. |
| १ | श्री सरस्वती मा वि छोटीपर्सिया | २३९१५३ | २१७९५६ | २११९७ |
| २ | श्री राष्ट्रिय बहुभाषिक आ वि देखतभुली | १२७१२६ | ११७५६० | ९५६६ |
| ३ | श्री बैजनाथ मा वि सिकलपट्टी | २५९२८८ | २४९७७२ | ९५१६ |
| ४ | श्री शंकर आ वि नन्दगाउँ | १८०१६ | ० | १८०१६ |
| ५ | श्री सिद्धबैजनाथ आ वि छोटोभाकल | ८४८९२ | ० | ८४८९२ |
| ६ | श्री जनचेतना आ वि जाँईजाला | ८३४८८ | ६७६३८ | १५८५० |
| ७ | श्री शिवशंकर आ वि कस्वा | २९६५५ | ० | २९६५५ |
| जम्मा | | ८४१६१८ | ६५२९२६ | १८८६९२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८८,६९२ |

६६.११ **अनौपचारिक प्रौढ विद्यालय सञ्चालन अनुदान** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१/८२ का लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं. २.७.१३.११ अनुसार अनौपचारिक प्रौढ विद्यालय सञ्चालन अनुदान प्रदान गर्दा स्थानीय तहमा सञ्चालित अनौपचारिक विद्यालयको स्थापना तथा सञ्चालन मिति, सञ्चालित कक्षा, विद्यार्थी संख्या र सञ्चालनको अवस्था यकिन गर्नुपर्ने व्यवस्था छ। साथै, शिक्षा नियमावलीबमोजिम तोकिएको विद्यार्थी संख्या पुगेका आधारभूत तथा माध्यमिक तह सञ्चालन भएका विद्यालयलाई मात्र तहगत अनुदान दिन सकिने र स्थानीय तहबाट सामुदायिक रूपमा सञ्चालन गर्न अनुमति प्राप्त अनौपचारिक विद्यालयले अनुदान प्राप्त गर्न अनिवार्य रूपमा EMIS विवरण भरेको हुनुपर्ने प्रावधान रहेको छ । पालिकाले यस वर्ष सिद्धबैजनाथ अनौपचारिक प्रौढ विद्यालयलाई रु. ५,००,००० अनुदान दिएको भए पनि उल्लेखित व्यवस्था अनुसारका विवरण तथा EMIS प्रणालीमा विद्यार्थी संख्या प्रविष्ट गरिएको देखिएन। पालिकाले EMIS मा विद्यार्थी विवरण अद्यावधिक गरी कार्यविधिबमोजिम भएको सुनिश्चित गर्नुपर्दछ।

६६.१२ **सामुदायिक सिकाइ केन्द्रलाई अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ को ६.७ मा स्थानीय तहको शिक्षा शाखाले नियमित रूपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा सम्पन्न भएको, विधानबमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारण सभाबाट बजेट तथा कार्यक्रम पारित भएको, गत आर्थिक वर्षको खर्च स्वीकृत गरेको तथा लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको लगायतका मापदण्ड पूरा गरेका सामुदायिक सिकाइ केन्द्रहरूलाई एकमुष्ट रु. ३ लाख अनुदान उपलब्ध गराउने व्यवस्था उल्लेख छ।शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमअन्तर्गत पालिकाले देखतभुली सामुदायिक सिकाई केन्द्रलाई रु. ३,००,०००।०० अनुदान निकासा गरेकोमा उल्लेखित कागजातहरू पेश भएको देखिएन। अतः पालिकाले अनुदान रकमको उपयोग भएको सुनिश्चित गर्नुपर्ने देखिन्छ।

६६.१३

**नमुना विद्यालयको शैक्षिक तथा व्यस्थापकिय योजना कार्यान्वयनका लागि अनुदान** - कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकालाप नं. २.७.१३.१३ को ९.५ (ख) मा विज्ञान विषय बाहेक विषय सञ्चालित विद्यालयमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय १० लाख अनुदान दिने र सो रकम विद्यालयको गुरुयोजना अनुसार खर्चको क्षेत्र सहित स्थानीय तहमा चालु आवमा विनियोजित रकम खर्च गर्न कार्ययोजना सहित स्थानीय तहमा माग गरी कार्य प्रगतिका आधारमा विद्यालयलाई रकम निकाशा गर्ने तथा विद्यालयले सम्झौता अनुरुप कार्यको नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले शारदा राष्ट्रिय माध्यमिक विद्यालयलाई १० लाख अनुदान भुक्तानी दिएको छ। सो अनुदानबाट विद्यालयले ४ जना विद्यालयका शिक्षकको तलबमा खर्च गरेको विवरण पेश भएको देखियो। उल्लेखित कार्यविधि बमोजिम गुरुयोजना पेश गरेको छैन। पालिकाले सम्झौता तथा उल्लेखित कार्यविधि बमोजिम अनुगमन गरी अनुदान कार्यविधि बमोजिम खर्च भएको सुनिश्चित गर्नुपर्दछ ।

६६.१४ **बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान(Disability Screening)** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.३०२ को बुँदा नं. १५.७ अनुसार यस कार्यक्रमका लागि छनौट भएका स्थानीय तहका विद्यालयहरूमध्ये EMIS सम्बन्धी कार्य गर्ने शिक्षक/कर्मचारी वा प्रधानाध्यापकमध्ये एक जनाले बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने, पहिचान भएका बालबालिकालाई अपाङ्गताको अन्तिम परीक्षण तथा प्रमाणिकरणका लागि चिकित्सककहाँ प्रेषण गर्ने, सोको तथ्याङ्क EMIS मा प्रविष्टि गर्ने तथा अपाङ्गताको प्रारम्भिक पहिचानका लागि विकास गरिएका साधनहरूको प्रयोग सम्बन्धी क्षमता विकास तालिममा सहभागी हुने व्यवस्था गरिएको छ। साथै EMIS मा आवद्ध Disability Module प्रयोग गरी विद्यालयमा अध्ययनरत बाल विकासदेखि कक्षा ३ सम्मका विद्यार्थीहरूको अपाङ्गताको प्रारम्भिक पहिचान गर्नुपर्ने उल्लेख छ। उक्त क्रियाकलापका लागि प्रति विद्यार्थी रु. १०० का दरले बजेट व्यवस्था गरिएकोमा सो रकमको ५० प्रतिशत शिक्षक क्षमता विकासमा र बाँकी ५० प्रतिशत विद्यार्थीको अपाङ्गताको प्रारम्भिक पहिचान तथा EMIS मा Disability Module मा विवरण प्रविष्टि गर्ने कार्यमा संलग्न शिक्षक/कर्मचारीलाई खाजा–खाना खर्च उपलब्ध गराउने व्यवस्था रहेको छ।

तर पालिकाले उक्त कार्यविधिमा उल्लेख भएबमोजिम नगरी १६ वटा सामुदायिक विद्यालयलाई प्रारम्भिक वाल विकास देखी कक्षा ३ सम्मका कूल १४४२ विद्यार्थी संख्याका प्रति विद्यार्थी २० का दरले रु. २८,४८०।०० वितरण गरेको तथा रु. १,२९,१०० तालिम तालिम तथा अनुगमन भत्ता वितरणमा खर्च भुक्तानी गरेको देखिन्छ। यसरी भएको खर्च कार्यविधिले तोकेबमोजिम भएको देखिएन। पालिकाले निकासा गरेको रकम अनुरूप EMIS मा आवद्ध Disability Module मा विवरण प्रविष्टि भएको तथा कार्यविधिले तोकेअनुसार कार्यक्रम कार्यान्वयन भएको सुनिश्चित गर्नुपर्दछ ।

६६.१५ **लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम तथा अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ कार्यक्रम सञ्चालन** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.११ को ६.९ मा यस शीर्षकबाट विनियोजित बजेटबाट साक्षर हुन बाँकी रहेका स्थानिय तहले सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विद्यार्थी, राजनीतिक दल, नागरिक समाज, विकास साझेदार संस्था लगायतको सहभागितामा कार्ययोजना निर्माण गरी साक्षरता कार्यक्रम सञ्चालन गरी साक्षर स्थानीय तह घोषणा गर्ने र सो को जानकारी शिक्षा विकास समन्वय इकाईमार्फत केन्द्रको अनौपचारिक तथा बैकल्पिक शिक्षा शाखामा जानकारी गराउने तथा साक्षर भएका स्थानीय तहले सामुदायको आवश्यकताको आधारमा विभिन्न सरोकारवालाहरु विच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान सामुदायिक संरचनासमेतको समन्वयमा सामुदायिक सिकाइ केन्द्र मार्फत बैकल्पिक शैक्षिक कार्यक्रम, अनौपचारिक शिक्षा तथा खुला सिकाई र आजिवन सिकाईका कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । पालिकाले यस वर्ष यस कार्यक्रमका लागि देखतभुली सामुदायिक अध्यायन केन्द्रमा प्रौडका लागि साक्षरता कार्यक्रमका लागि रु. १ लाख ९२ लाख खर्च गरेको छ । पालिकाले उक्ता कार्यक्रममा कुनै लागत साझेदारी गरेको देखिएन।

६६.१६ **विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१/८२ का लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं. २.७.१३.३०४ मा

विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपूर्ति तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयनसम्बन्धी व्यवस्था उल्लेख छ। पालिकाले यस वर्ष प्रश्नपत्र छपाइका लागि रु. ९६,९८६।०० तथा १६ वटा विद्यालयमा अतिरिक्त कक्षा सञ्चालनका लागि रु. ३,०१,९६१।०० निकासा गरी कुल रु. ३,९८,८५७।०० खर्च गरेको देखिन्छ। तर, उल्लेखित खर्चअनुसार विद्यालयहरूले परीक्षा सञ्चालन गरेको तथा अतिरिक्त कक्षा सञ्चालन गरेको सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखिँदैन। पालिकाले कार्यविधिले तोकेबमोजिम अनुदान रकमको उद्देश्यअनुसार सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ।

६६.१७ **दिवा खाजा** - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम पुस्तिका २०८१/८२ को अनुसूची ४(ख) मा ४ देखि १२ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचीले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ। पालिकाले शसर्त अनुदानबाट कुल १६ विद्यालय तथा अन्तर्गतका बालबिकास केन्द्रका लागि खाजा वापत रु. ४९,०५,०९०।०० विद्यालयमा निकासा गरेको छ । पालिकाले निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिकाले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

६६.१८ (२२२-2082-03-02):

**स्यानिटरी प्याड खरिद** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले यस वर्ष प्रति प्याड रु.४९.७२ का दरले २१८५० थान स्यानिटरी प्याड रु. १०,८६,३८२।०० को सोझै खरिद गरी आर्थिक वर्षको अन्त्यतिर असारमा वितरण गरेको देखियो । पालिकाले विगतको खपत तथा छात्राको संख्यालाई आधार मानी समयमै उचित परिमाणमा तोकिएको स्पेसिफिकेसन र गुणस्तर अनुसार खरिद गरी तोकिएको समयमै वितरण गर्नुपर्दछ।

## ६७ स्वास्थ्य तथा औषधी व्यवस्थापन

यस आर्थिक वर्षमा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य सम्बन्धी सशर्त अनुदान अन्तर्गतका क्रियाकलाप तथा कार्यक्रमहरू संचालनका लागि यस नगरपालिकामा देहायबमोजिम बजेट प्राप्त र खर्च भएको छ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रु. | खर्च रु. |
|---|---|---|---|
| १ | स्थानीय तहका स्वास्थ्य शाखा स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्र अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव महगी भत्ता र पोषाक भत्ता | १८६००००० | १७९१८५३४ |
| २ | राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोसाक प्रोत्साहन र यातायात खर्च) | ८३६००० | ८३६००० |
| ३ | मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गराइरहेका क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रु ५ हजार दरले उपलब्ध गराइने रकम | ६७५००० | ६७५००० |
| ४ | किटजन्य रोग नियन्त्रण कार्यक्रमको अनुगमन एवम् मूल्याङ्कन तथा किटजन्य रोग नियन्त्रणका लागि Active Case Detection तथा slide ढुवानी समेत (औलो र कालाजार) | ५०००० | ५०००० |
| ५ | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन | ३००००० | ३००००० |
| ६ | IMNCI को सचेतनात्मक कार्यक्रम | १००००० | १००००० |
| ७ | पोषण कार्यक्रम | २८०००० | २७९६०० |
| ८ | इपिडेमियोलोजिकल रिपोर्टिङ्ग | १२००० | १२००० |
| ९ | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा रक्तसंचार न्यानो झोला सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | २९००००० | २८७९७०० |
| १० | स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम (अभिमुखीकरण समिक्षा फलो अप  अनुगमन तथा सुदृधिकरण समेत) | १३४००० | १३४००० |
| ११ | आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी रेकर्डिङ तथा रिपोर्टिङका लागि फर्म फरमेट छपाइ ई-टि.बि रजिस्टरअध्यावधिक विश्व क्षयरोग दिवस सम्बन्धी कार्यक्रम स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण क्षयरोगका कार्यक्रमको अर्ध बार्षिक समिक्षा तथा कोहर्ट विश् | ८५००० | ८५००० |
| १२ | स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | ११३२००० | ११३१०४७ |
| १३ | किशोरकिशोरी स्वास्थ्य सेवा | ८४००० | ८४००० |
| १४ | नियमित तथ्याङ्कको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्थाहरूको मासिक बैठक डाटा भेरिफिकेशन तथा भ्यालिडेशन एवम् अर्धबार्षिक र बार्षिक समिक्षा | २३०००० | २३०००० |
| १५ | स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण पूर्ण खोप सुनिश्चतता र दीगोपनाका लागि स्वास्थ्यकर्मिबाट वडामा घरधुरी सर्वेक्षण पालिकाबाट वडा भेरिफिकेसन अनुगमन तथा प्रमाणीकरणको सुपरिवेक्षण तथा व्यवस्थापन खर्च | २४४००० | २४४००० |
| १६ | एच.पी.भी. खोप अभियान तथा नियमित खोपमा शुरुवात को लागि कार्यक्रम संचालन तथा ब्यबस्थापन (स्वास्थ्यकर्मीको तालिम महिला स्वास्थ्यस्वयंमसेविका/ स्वयंसेवक को अभिमुखीकरण विद्यालय शिक्षक को वैठक र पालिका तथा वडा खोप समन्वय समितिको वैठक) खर्च | २२७००० | २२७००० |
| १७ | परिवार योजना सेवा | १४९००० | १४८१३९ |
| १८ | समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण एवम् घरदैलो क्षयरोग खोजपडताल कार्यक्रम। क्षयरोगका जोखिम समुह तथा स्वास्थ सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम। घरपरिवारका सदस्यहरूको सम्पर्क परिक्षण एवं पाँच वर्ष मुनिका बालबालिमा क्षयरोग रोग | ५६००० | ५६००० |
| १९ | प्रजनन् रुग्णता स्वास्थ्य सेवा | ५७००० | ५७००० |
| २० | आयुर्वेद सेवा कार्यक्रम (आयुर्वेद औषधालय) | ५५०००० | ५५०००० |
| २१ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | ११४४००० | ११४३९०० |
| | कुल जम्मा | २७८४५००० | २७१४०९२० |

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

६७.१ **तलबी प्रतिवेदन** - स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार स्वास्थ्यकर्मी कर्मचारीको तलवी प्रतिवेदन पारित गरेरमात्र तलब भत्ता खर्च भुक्तानी गर्नु पर्दछ । पालिकाले यस वर्ष स्वास्थ्य तर्फका कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी संघीय सशर्त चालु शीर्षकबाट रू. १,७९,१८,५३४।०० तलव खर्च लेखेकोमा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन। ऐनको व्यवस्था बमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

६७.२ **दरबन्दी भन्दा बढी पदपूर्ती** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा स्थानीय तहले आफ्नो कार्यबोझ, राजस्वको क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई आधारमा लिई संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गरी स्वीकृत गराउनुपर्ने व्यवस्था छ। पालिकाको स्वास्थ्य तर्फको दरबन्दी संरचना र पदपूर्ती अवस्था देहाएबोजिम रहेको छ ।

| क्रं.सं. | पद | तह | सेवा | समुह | दरबन्दी | पदपुर्ती | | | रिक्त | बढी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | फाजिल | | |
| १ | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य | ज.हे.स. | ० | ० | ० | ० | ० | ० |
| २ | जनस्वास्थ्य अधिकृत | सातौं/आठौँ | स्वास्थ्य | हे.ई. | ० | ० | ० | ० | ० | ० |
| ३ | ज.स्वा.नि./सि.अ.हे.ब.अधिकृत | छैटौं/सातौं | स्वास्थ्य | हे.ई. | ४ | ४ | ० | ० | ० | ० |
| ४ | हे.अ./सि.अ.हे.ब. | पाँचौं | स्वास्थ्य | हे.ई. | ६ | ७ | ० | १ | ० | १ |
| ५ | स्टाफ नर्स | पाँचौं/छैठौं/सातौं | स्वास्थ्य | ज.न. | ० | ० | ० | ० | ० | ० |
| ६ | फार्मेसी | पाँचौं/छैठौं/सातौं | स्वास्थ्य | फार्मेसी | ० | ० | ० | ० | ० | ० |
| ७ | रेडियोग्राफर | पाँचौं/छैठौं/सातौं | स्वास्थ्य | रेडियोग्राफी | ० | ० | ० | ० | ० | ० |
| ८ | ल्याब टेक्नेसियन | पाँचौं/छैठौं/सातौं | स्वास्थ्य | मे.ल्या.टे. | ० | ० | ० | ० | ० | ० |
| ९ | नेत्र सहायक | पाँचौं/छैठौं/सातौं | स्वास्थ्य | अप्थाल्मोलोजी | ० | ० | ० | ० | ० | ० |
| १० | बिद्यालय नर्स | पाँचौं/छैठौं/सातौं | स्वास्थ्य | प.हे.न. | ० | ० | ० | ० | ० | ० |
| ११ | ल्या.अ. | चौथो/पाँचौं/छैठौं | स्वास्थ्य | मे.ल्या.टे. | ० | ० | ० | ० | ० | ० |
| १२ | सि.अ.न.मी./ नर्सिङ छैठौं | छैटौं | स्वास्थ्य | प हे न/ ज.न. | ४ | ४ | ० | ० | ० | ० |
| १३ | अ.हे.व./सि.अ.हे.व. | चौथो/पाँचौं/छैठौं | स्वास्थ्य | हे.ई. | ३ | ४ | ० | १ | | १ |
| १४ | अ.न.मी. | चौथो/पाँचौं/छैठौं | स्वास्थ्य | प हे न | ३ | ५ | ० | २ | | २ |
| १५ | कबिराज | पाँचौं/छैठौं/सातौं | स्वास्थ्य | आयुर्बेद | १ | ० | ० | ० | १ | ० |
| १६ | बरिष्ठ बैद्य/बैद्य | चौथो/पाँचौं/छैठौं | स्वास्थ्य | आयुर्बेद | १ | १ | ० | ० | ० | ० |
| १७ | अप्टिकल डिस्पेन्सर | चौथो/पाँचौं/छैठौं | स्वास्थ्य | अप्थाल्मोलोजी | ० | ० | ० | ० | ० | ० |
| १८ | एम्बुलेन्स चालक | श्रेणी बिहिन | प्रशासन | सा.प्रशासन | ० | ० | ० | ० | ० | ० |
| १९ | का.स./कुटुवा | श्रेणी बिहिन | प्रशासन | सा.प्रशासन | २ | ० | ९ | ० | ० | ० |
| २० | पाले | श्रेणी बिहिन | प्रशासन | सा.प्रशासन | ० | ० | ० | ० | ० | ० |
| २१ | कुचिकार/ स्विपर | श्रेणी बिहिन | प्रशासन | सा.प्रशासन | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | | | | २४ | २५ | ९ | ४ | ० | ४ |

यसरी दुर्गम जिल्ला तथा पालिकामा दरबन्दीभन्दा न्यून जनशक्ति रहेको विद्यमान अवस्थामा समेत यस पालिकामा स्वीकृत दरबन्दीभन्दा ४ जना बढी कर्मचारी कार्यरत रहेका छन्। दरबन्दीभन्दा बढी कर्मचारी कार्यरत रहँदा सशर्त अनुदानबाट कर्मचारीलाई पारिश्रमिक

भुक्तानी गर्नसमेत समस्या उत्पन्न हुने गरेको देखिन्छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ५८५१ मिति २०८०।०३।२५ को पत्रअनुसार कर्मचारी समायोजन पश्चात स्थानीय तहको दोहोरो सहमतिका आधारमा कामकाजमा खटाइएका कर्मचारीहरूमध्ये स्वीकृत दरबन्दीभन्दा बढी रहेका स्वास्थ्य कर्मचारीहरूलाई सम्बन्धित स्थानीय तहमा मिति २०८०।०४।०१ गतेदेखि लागू हुने गरी अनिवार्य काज फिर्ता गरी मन्त्रालयमा जानकारी पठाउन पत्राचार गरिएको भए तापनि सोको कार्यान्वयन भएको देखिएन। अतः पालिकाले मन्त्रालयको परिपत्रअनुसार स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारीहरूलाई सम्बन्धित स्थानीय तहमा काज फिर्ता गरी दरबन्दीअनुसार कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

६७.३ **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाका स्वास्थ्य संस्थाबाट यो वर्ष २९७ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा ४९८ थान न्यानो झोला मौज्दातमा रहेको पालिकाले जनाएको छ। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

६८ **प्रधान्मन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम बमोजिम संघीय सशर्त चालु अन्तर्गत प्राप्त बजेटबाट पालिकाले यस वर्ष देहायबमोजिम रु. ५६,९६,९८१।०० खर्च गरेको छ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च रु. |
|---|---|---|
| १ | रोजगार संयोजक, प्राविधिक सहायक र रोजगार सहायकको तलब, चाडपर्व तथा पोषाक | १५००९३७ |
| २ | रोजगारीमा खटिनु पूर्व अभिमुखिकरण कार्यक्रम सञ्चालन | ३०००० |
| ३ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | १००००० |
| ४ | रोजगार संवाद मञ्चको सञ्चालन | ३०००० |
| ५ | सञ्चालित रोजगार आयोजनाहरुको अनुगमन/निरिक्षण | ४४६०० |
| ६ | अन्य विविध खर्च (चिया पानि लगायत अन्य विविध) | २३९९० |
| ७ | कार्यस्थल सुरक्षा सामाग्री | २००००० |
| ८ | रोजगार सेवा केन्द्रको लागी मसलन्द खर्च | १००००० |
| ९ | स्थानीय तहको रोजगार रणनीति तर्जुमा/ अध्यावधिक/ कार्यान्वयन तथा आन्तरीक रोजगारी प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन | १००००० |
| १० | रोजगारी सृजना | ३५६७४५४ |
| कुल जम्मा | | ५६९६९८१ |

यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्:

**रोजगारी सिर्जना** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गराउने तथा सामुदायिक पूर्वाधार विकासमार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।

यस कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ जारी गरिएको छ। उक्त कार्यक्रम अन्तर्गत पालिकाले १२ वटा योजनामा पालिका तथा बल्ड अन नेपालको साझेदारी गरी १०४ जनालाई प्रति श्रमिक औसत ५१ दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्यालाबापत रु. ३५,६७,४५४।०० रोजगार सिर्जना खर्च शीर्षकबाट भुक्तानी गरेको देखिन्छ। तर पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनोट गर्दा योजना छनोटको आधार स्पष्ट नदेखिएकोले योजनाहरू दोहोरो परेको वा नपरेको यकिन हुन सकेको छैन। योजनामा दोहोरो नहुने गरी स्पष्ट आधार तय गरी योजना छनोट तथा कार्यान्वयन गर्नुपर्ने देखिन्छ। साथै, उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि दीर्घकालीन रोजगारी सिर्जना भएको स्पष्ट देखिँदैन। त्यसैले कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम कार्यक्रमलाई थप व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक देखिन्छ।

## ६९ कृषि तथा पशु तर्फ

यस पालिकाकालागि संघिय शसर्त चालु अन्तर्गत कृषि तथा पशुतर्फ देहायका कार्यक्रममा बजेट प्राप्त भई खर्च भएको छ :

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च रु. |
|---|---|---|---|
| १ | किसान परिचयपत्र वितरण नमूना कार्यक्रम | १००००० | ० |
| २ | कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढीकरण कार्यक्रम | ५००००० | ४९५००० |
| ३ | कृषि पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | ६०००० | १२५०० |
| ४ | कृषि स्नातक करार | ५२५००० | ५२११६१ |
| ५ | कृषि तथा पशु सेवाका एक गाँउ एक प्राविधिकहरुको तलव भत्ता | ५१६००० | ४९३५३० |
| १ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | १३०००० | १३०००० |
| २ | महामरी/आकास्मिक रोग नियन्त्रण कार्यक्रम | १००००० | १००००० |
| कुल जम्मा | | १९३१००० | १७५२१९१ |

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

६९.१ **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। यस वर्ष पालिकाले संघीय सशर्त अनुदान कृषि तर्फ कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढीकरण कार्यक्रम अन्तर्गत अनमोल कृषि सहकारी संस्था लिमिटेडलाई विउ पुँजी तथा विउ वैंक स्थापनाकालागि ५० प्रतिशत अनुदान रु. ४ लाख ९५ हजार अनुदान खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा उत्पादन तथा उत्पादकत्वमा परेको प्रभाव, बजारीकरणमा पारेको प्रभाव, अनुदान प्राप्त गर्ने लाभग्राहीको विवरण लगागत विषयमा पालिकाले कुनै अध्ययन प्रतिवेदन तथा प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

६९.२ (२१८-2082-03-23):

**सम्झौता विना भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा सुनिश्चित हुनुपर्ने विषयहरू उल्लेख छ। त्यसैगरी प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०८१ को बुँदा नं. ३३ अनुसार यस कार्यविधिअनुरूप सञ्चालन हुने क्रियाकलाप तथा विकास गरिएका पूर्वाधार र सुविधाहरू सम्झौतामा तोकिएबमोजिमको प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्ने, कार्यक्रम सञ्चालन गर्ने निकायको पूर्व

स्वीकृति बिना तोकिएको अवधिभित्र कुनै फेरबदल वा संरचनाको स्वरूप परिवर्तन, बिक्री वा वितरण गर्न नपाइने तथा सम्झौता अवधिसम्म कम्तीमा सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले संघीय सशर्त अनुदान अन्तर्गत कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढीकरण कार्यक्रम अन्तर्गत अनमोल कृषि सहकारी संस्था लिमिटेडलाई ग्रेडर मेशीन रु.९,९०,०००।० को ५० प्रतिशत लागत साझेदारीमा खरिदगरी अनुदान रु. ४,९५,०००।०० अनुदान खर्च लेखेको छ। तर उल्लेखित कार्यविधिले तोकेबमोजिम सहकारी संस्थासँग आवश्यक सम्झौता गरेको देखिएन। पालिकाले कार्यविधि बमोजिम आवश्यक सम्झौता गरी अनुदानबाट स्थापना गरिएको बीउ बैंकको सञ्चालन तथा व्यवस्थापन निरन्तर र उद्देश्यअनुरूप भएको सुनिश्चित गर्नुपर्दछ।

७० **गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम**

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को तालिका नं. १ मा उद्यमी सिर्जना तथा स्तोरन्नतिका लागि बजेट तर्जुमाको दायरा उल्लेख गरेको छ। पालिकाले यो वर्ष संघिय सशर्त चालु अन्तर्गत यस कार्यक्रमकालागि देहायबमोजिम रु. १२ लाख विनियोजन प्राप्त भएकोमा रू. ११,८६,१५५।०० खर्च गरेको छ :

| क्र.सं. | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **विनियोजन** | **खर्च** | **खर्च (%)** |
|---|---|---|---|---|
| १ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | ८६०००० | ८५७९६० | ९९.७६ |
| २ | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण | १४०००० | १३९९३९ | ९९.९६ |
| ३ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) | २००००० | १८८२५६ | ९४.१३ |
| | जम्मा | १२००००० | ११८६१५५ | ९८.८५ |

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन :

७०.१ **बजेट विनियोजन तथा खर्च** - गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को तालिका नं. १ मा उद्यमी सिर्जना तथा स्तरोन्नतिका लागि बजेट तर्जुमाको दायरा स्पष्ट रूपमा उल्लेख छ। तर पालिकाले उक्त तालिकामा उल्लेख भएबमोजिम बजेट विनियोजन तथा खर्च गरेको देखिएन। पालिकाले कार्यविधि बमोजिम बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

७०.२ **कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन** - गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं. ५८ अनुसार स्थानीय तहले उपयुक्त सूचकहरू निर्धारण गरी कार्यक्रमको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको व्यवस्था मिलाउनुपर्ने तथा स्थानीय तहस्तरीय शाखा तथा उद्यम विकास समितिले कार्यक्रम कार्यान्वयनको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देखतभुली उद्यमी समूहका २० जनालाई रु. १,४७,०००।०० बराबरका कृषि उपकरण र चान्देव खाजा नास्ता समूहलाई रु. १,३९,९३९।०० बराबरका भाँडावर्तन खरिद गरी वितरण गरी कूल रु. २,८६,९३९।०० को प्रविधि हस्तान्तरण गरेको छ। तर कार्यविधिमा तोकिएबमोजिम तालिम प्राप्त उद्यमीमा परेको प्रभावको अनुगमन तथा मूल्याङ्कन गरेको देखिएन। पालिकाले निर्देशिकाबमोजिम प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

७०.३ **सहजकर्ताको तलब** - गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं. ११, अनुसूची ३ मा उद्यम विकास सहजकर्ताको तलब बढीमा २४ देखि ३३ प्रतिशतसम्म खर्च गर्न सकिने व्यवस्था उल्लेख छ। निर्देशिकाअनुसार रु. १२ लाख बजेटको न्यूनतम रु. २,८८,०००।०० देखी अधिकतम रु. ३,९६,०००।०० सम्म खर्च गर्न सकिने व्यवस्था रहेको छ। तर यस

वर्ष पालिकाले २ जना सहजकर्तालाई कुल रु. ८,९९,२१६।०० तलब दिएको छ, जुन अधिकतम सीमा भन्दा रु. ५,०३,२१६।०० बढी भएको छ। यसरी सशर्त बजेट निर्देशिकाले तोकेको शर्त विपरित खर्च गरेको नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,०३,२१६ |

७०.४ **प्रविधि हस्तान्तरण -** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ मा लघु उद्यमी, लघु उद्यमीको समुह वा उद्यमीले प्रवर्द्धन गरेका सहकारीलाई उपयुक्त प्रविधि हस्तान्तरण गर्न सक्ने दफा ४१ मा सम्झौता गरी उद्यमीलाई उद्योगको प्रकृती, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि कम्तीमा २० प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नु पर्ने उल्लेख छ । पालिकाले र समुहमा प्रविधि हस्तान्तरण अन्तर्गत देहायबमोजिम सामाग्री खरिद गरी वितरण गरेकोमा उल्लिखित कार्यविधि बमोजिम २० प्रतिशत रु. ५७,३८८।०० लागत सहभागिता हुनुपर्नेमा सो नदेखिएकोले सो रकम नियमानुसार असूल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | लघुउद्यम समुहको नाम | सामाग्री | जम्मा खरिद मूल्य रु. | २० प्रतिशत रु. |
|---|---|---|---|---|
| १ | देखतभुली उद्यम समुह | कृषि उपकरण | १४७००० | २९४०० |
| २ | चान्देव खाजा नास्ता समुह | भाडा वर्तन | १३९९३९ | २७९८८ |
| जम्मा | | | २८६९३९ | ५७३८८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,३८८ |

७१ **सामाजिक सुरक्षा तर्फ**

७१.१ **सामाजिक सुरक्षा वितरण-** पालिकामा आर्थिक वर्षको अन्त्य सम्ममा देहायका वडामा त्रैमासिकमा रूपमा जम्मा रू. **६,५०,४१,०५३** वितरण भएको छ।

| **वडामा भएको खर्च** | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेस्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **जम्मा** |
|---|---|---|---|---|---|
| वडा नं १ | ३१३२३८४ | ३२४१५८५ | ३३९४७२८ | ३३८८०६२ | **१३१५६७५९** |
| वडा नं २ | २३६९४०१ | २३३८६२४ | २३६७२१४ | २३६७५७० | **९४४२८०९** |
| वडा नं ३ | २९४४४०९ | २९६३६४८ | २९७८८२८ | २९५८२६६ | **११८४५१५१** |
| वडा नं ४ | ३६७६१०६ | ३७२०२१७ | ३८११३०४ | ३९९८०५४ | **१५२०५६८१** |
| वडा नं ५ | २२५८११२ | २२८०२१२ | २३२०२०२ | २३७७३२४ | **९२३५८५०** |
| वडा नं ६ | १४८५३०७ | १५३२२५६ | १५५८०८८ | १५७९१५२ | **६१५४८०३** |
| **जम्मा** | **१५८६५७१९** | **१६०७६५४२** | **१६४३०३६४** | **१६६६८४२८** | **६५०४१०५३** |

७१.२ **वर्गगत लाभग्राहि विवरण-** यस पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता **रू. ६,५०,४१,०५३** वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत सामाजिक सुरक्षा लाभग्राहिको संख्यात्मक वितरण निम्नानुसार छ।

| सामाजिकसुरक्षा भत्ता पाउने समूह | त्रैमासिकलाभग्राही संख्या | | | | |
|---|---|---|---|---|---|
| | प्रथम | दोस्रो | तेस्रो | चौंथो | जम्मा |
| अन्य जेष्ठ नागरिक भत्ता | ९१३ | ९३६ | ९५३ | ९७६ | **३७७८** |
| जेष्ठ नागरिक भत्ता दलित | ४२ | ४२ | ४६ | ४५ | **१७५** |
| जेष्ठ नागरिक एकल महिला | १३० | १२९ | १२९ | ११५ | **५०३** |
| विधवा | २६५ | २७१ | २८० | २८१ | **१०९७** |
| पूर्ण अपाङ्गता भत्ता | ४७ | ४९ | ५० | ५१ | **१९७** |
| अति अशक्त अपाङ्गता भत्ता | १२८ | १२९ | १२८ | १२७ | **५१२** |
| दलित बालबालिका | ७४ | ७३ | ७२ | ७२ | **२९१** |
| **जम्मा** | **१५९९** | **१६२९** | **१६५८** | **१६६७** | **६५५३** |

७१.३ **मृतकको खातामा बढी भत्ता निकासा-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(२ र ४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। यस पालिकालेदेहायका वडाको मृत्यु भइसकेका लाभग्राहीहरुको समयमा लगत कट्टा गरि मृत्यु भएको मिति सम्मको मात्र भत्ता निकासा दिनुपर्नेमा समयमा लगत कट्टा नगरी रकम भुक्तानी दिएको पाइयो र पालिकाले समेत बढी भुक्तानी भएका लाभग्राहिको फिर्ता भएको प्रमाण पेश नगरेको हुदा लाभग्राहिको मृत्यु भएको दिन सम्मको रकम निजको हकवालालाई भुक्तानी दिइ बाँकी रकम तपसिलका लाभग्राहिको हकवालाबाट फिर्ता गर्न लगाईसंघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रू.

| क्र.सं. | नाम | वडा नं. | लक्षित समूह | परिचय नं. | लगत कट्टाको कारण | लगत कट्टा लागु मिति | ०८१-८२सम्म गएको किस्ता | बढी रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | बिखलाल राना | ३ | अन्य जेष्ठ नागरिक भत्ता | २००४१२२१०१२७२ | मृत्यु | २०८१-०५-१२ | तेस्रो | ३०४५२ |
| २ | सोनमती बडायक | ३ | अति अशक्त अपाङ्गताभत्ता | २०२३०१०५०३७४६ | मृत्यु | २०८१-०५-१२ | प्रथम | ३४३३ |
| ३ | घुमनी राना | ३ | अन्य जेष्ठ नागरिक भत्ता | २०१११२१५००७२७ | मृत्यु | २०८१-०७-०२ | तेस्रो | ११७३४ |
| ४ | छल्लो राना | १ | अन्य जेष्ठ नागरिक भत्ता | २००३१२३०८९१७१ | मृत्यु | २०८१-०८-०३ | दोस्रो | ७६०० |
| ५ | तुला सिंह साउँद | ३ | अन्य जेष्ठ नागरिक भत्ता | २०१११२१४०४२९२ | मृत्यु | २०८१-१२-०६ | तेस्रो | ३२२६ |
| ६ | छोटेलाल डगौरा | ३ | अन्य जेष्ठ नागरिक भत्ता | १९९८०१०७००७७५ | मृत्यु | २०८२-०१-११ | चौथो | १०५८१ |
| ७ | हरि लाल राना | ३ | अन्य जेष्ठ नागरिक भत्ता | २०१०१२२१०२७३१ | मृत्यु | २०८२-०२-०४ | चौथो | ७४८४ |
| ८ | फट्टे राना | ३ | अन्य जेष्ठ नागरिक भत्ता | २००८१११००४४७३ | मृत्यु | २०८२-०२-२२ | चौथो | ५१६२ |
| ९ | टिका सार्की | ५ | जेष्ठ नागरिक भत्ता (दलित) | २०१९०२०७०१८६६ | मृत्यु | २०८२-०२-२६ | चौथो | ३०८९ |
| १० | विरमा देवी जोशी | ५ | अन्य जेष्ठ नागरिक भत्ता | २०११११११०५९६६ | मृत्यु | २०८२-०२-२८ | चौथो | ४३८७ |
| ११ | केशमति देवि नाथ | ५ | अन्य जेष्ठ नागरिक भत्ता | १९८४०११५००४१४ | मृत्यु | २०८२-०३-१२ | चौथो | २५०० |
| १२ | आशिष चौधरी | २ | पूर्ण अपाङ्गता भत्ता | २०६८०६०७०२६०७ | मृत्यु | २०८२-०३-१७ | चौथो | १८७५ |
| १३ | जोगी राना | २ | अन्य जेष्ठ नागरिक भत्ता | २०००१२१५०२००७ | मृत्यु | २०८२-०३-२४ | चौथो | ७५० |
| **जम्मा** | | | | | | | | **९२२७३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९२,२७३ |

७१.४ **लाभग्राहिको अभिलेख अद्यावधिक-** सामाजिक सुरक्षा कार्यविधिको दफा २६ को उपदफा ३ बमोजिम एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको सम्बन्धमा स्थानीय तहले आवश्यक यकिन गर्नुपर्ने व्यवस्था रहेकोमा गरेको नदेखिएकोले पालिकाले कार्यविधिको अनुसूची-११ बमोजिमको ढाँचामा विवरण माग एवं यकिन गरी विवरण अद्यावधिक गर्नु पर्दछ।

७१.५

**समयमा लगतकट्टा नगरेको**- सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १९ र नियमावली, २०७६ को नियम १३ को उपनियम १ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको दफा ११ बमोजिम सामाजिक सुरक्षा भत्ता पाईरहेको व्यक्तिको मृत्यु भएमा वा त्यस्तो व्यक्ति सामाजिक सुरक्षा भत्ता पाउन योग्य नरहेमा सम्बन्धित वडासमितिको सिफारिसमा स्थानीय तहले निजको नाम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको अभिलेखबाट हटाउनु पर्ने व्यवस्था छ। तर यस पालिकाले भत्ता पाउन अयोग्य व्यक्तिहरुको समयमा लगत कट्टा नगर्दा अयोग्य व्यक्तिको नाममा भत्ता गई राज्यको फिर्ता हुनुपर्ने रकम व्यक्तिको खातामा रोक्का हुदा राज्यलाइ अनावश्यक रुपमा भार पर्न जाने हुदा यसमा सुधार गर्नु पर्ने देखिन्छ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : लालझाडी गाउँपालिका, कंचनपुर , लालझाडी गाउँपालिका , कञ्चनपुर

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | राज बहादुर सार्की | २०८०-४-३२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बसन्त बहादुर धानुक | २०७७-४-१ | २०८१-८-२१ |
| लेखा प्रमुख | कलश बहादुर चौधरी | २०८१-९-२३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९४६,६९९ | ५६६,३३६ | ५,४०६,६५० | ० | ० | १६,४२५,१७९ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २३,३४४,८६४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | १,३७०,८६२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २१,९७४,००२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४४८२९८३५.६३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८५२९५५७० | **चालु खर्च** | २१३३२६४७९.३ |
| **प्रदेश सरकारबाट अनुदान** | १९६४२०३२ | **पूँजीगत खर्च** | १९५९०२००६ |
| **राजश्व बाँडफाँट** | १०१८४४१५३.६४ | **वित्तीय/अन्य व्यवस्था** | ११६६१५०९५.५८ |
| **आन्तरिक आय** | ६३३३१३८.४५ | | |
| **अन्य आय** | ९२८८५४५३.२३ | | |
| **कुल आय** | ५०६०००३४७.३२ | **कुल खर्च** | ५२५८४३५८०.८८ |
| **बाँकी मौज्दात** | | २४९८६६०२.०७ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नहुने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।